# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २२५ | काठमाडौं | सोमबार, २९ मंसिर २०८२ | Prabhab National Daily | Monday, 15 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


एमाले महाधिवेशन

## पुस १ गते मतदान, तीन नेताले रोजे स्वेच्छिक अवकाश




- नेकपा एमालेको केन्द्रीय कमिटी ३०१ सदस्यीय हुने
- पद पाउन होडबाजी चलिरहेका उपाध्यक्षद्वय युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र अनुशासन आयोग अध्यक्ष केशव बडालद्वारा उम्मेदवारी नदिने घोषणा
- अध्यक्षका दाबेदार इश्वर पोखरेल र केपी शर्मा ओलीबीच केन्द्रीय समिति बैठकमा नोंकझोंक

### यस्तो छ निर्वाचन कार्यतालिका

**मतदाताको अन्तिम नामावली प्रकाशन**
मंसिर २९ सोमबार, बिहान १०:१५

**उम्मेदवार मनोनयन दर्ता**
मंसिर २९ सोमबार, बिहान १०:१५ देखि १:३० सम्म

**उम्मेदवारको अन्तिम नामावली प्रकाशन**
मंसिर २९ सोमबार, बेलुका ६:०० बजे

**मतदान**
पुस १ मंगलबार, ११:०० देखि बेलुका ५:०० सम्म

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेको जारी महाधिवेशनमा नेतृत्व चयनमा लागि पुस १ गते मतदान हुने भएको छ । भक्तपुरको सल्लाघारीमा शनिबार उद्घाटन गरिएको एमालेले ११औं महाविधेशनका पुस १ गते मतदान गर्ने गरी निर्वाचन तालिका सार्वजनिक गरेको हो ।

आइतबार साँझ मतदाता नामावली सार्वजनिक गरेपछि सोमबार बिहान साढे १० बजे अन्तिम मतदाता नामावली प्रकाशन गरिने केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा.विजय सुब्बाले बताए । सकेसम्म निर्वाचन नगराउने तयारीमा रहेका अध्यक्ष केपी शर्मा ओलीले काठमाडौंको भृकुटीमण्डपमा मतदानका लागि बुथसमेत तयार गरिसकेका छन् ।

निर्वाचन कार्यातालिकाअनुसार सोमबार दिउँसो साढे २ बजे उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गरिने छ । सोमबार नै साँझ ५ बजेसम्म उम्मेदवारी फिर्ताको समय तोकिएको छ । यस्तै सोमबार बेलुकी ६ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने अध्यक्ष सुब्बाले बताए । सहमति भएमा पुस १ गते निर्वाचन नहुने एमाले नेता महेश बर्तौला बताउँछन् । 'सकेसम्म सर्वसम्मत गराउने प्रयासमा नेताहरू लाग्नुभएको छ । मिलेमा मतदान हुँदैन,' बर्तौलाले भने । नेकपा एमालेको केन्द्रीय कमिटी ३०१ सदस्यीय हुने भएको छ । ११ औं राष्ट्रिय महाधिवेशनको बन्दसत्र सुरु हुनुअघि सम्पन्न बैठकले १० औं महाधिवेशनमा कायम केन्द्रीय कमिटी तीनसय एक सदस्यीय हुने निर्णय गरेको छ ।

बैठकमा अध्यक्ष ओलीले उक्त निर्णयबारे जानकारी दिएका हुन् । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत विधान महाधिवेशनबाट पारित विषयलाई नचलाउन माग गरेको भए पनि बहुमतले १० औं महाधिवेशनअनुसार नै कायम गर्ने निर्णय भएको छ । बैठकमा महासचिव शंकर पोखरेलले बन्दसत्रमा प्रस्तुत गरिने निर्वाचन कार्यतालिका, आचारसंहिता, समसामयिकलगायत एजेण्डा प्रस्तुत गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

## दैनिक दुई हजार कमाउने लोभमा डुबाउँदै आधा करोड

■ **जेबी योञ्जन**




**काठमाडौं–** टेलिग्राममा सुप्रिया नामकी केटीसँग पाँचथरका विक्रमको बोलचाल १६ कात्तिकमा पहिलोपटक भयो । बोल्दै जाँदा सुप्रियाले भनिन्- तपाईं दिनको दुई हजार रूपैयाँ कमाउन चाहनुहुन्छ ? सुरुमा त विक्रमले केही भनेनन् । सुप्रियाले बारम्बार त्यही म्यासेज पठाइरहिन् । जोसँग विक्रम(नाम परिवर्तन)को कहिल्यै भेटघाट थिएन । चिनजान भएकै टेलिग्राममा हो ।

'दिनको दुई हजार कमाइ कसरी हुन्छ ?' विक्रमलाई जान्न चाहिँ मन लाग्यो । टेलिग्रामकै च्याटबक्समा त्यसबारे सोधी खोजी गरे । त्यसक्रममा सुप्रियाले एउटा फर्निचर उद्योगको उत्पादनको प्रबर्द्धनात्मक भिडियो सामग्री प्रचार गर्नुपर्ने काम भनिन् । विक्रम राजी भए । टेलिग्रामको च्याट ग्रुपमा जोडिए ।

लगत्तै जानुका घिमिरे नामकी महिलाले विक्रमलाई भनिन्- 'मलाई आईकेईए कम्पनीको एजेन्ट सुप्रियाले हजुरको कन्टयाक्ट डिटेल सेयर गर्नुभयो । हजुर कामको लागि इन्ट्रेस्टेड हुनुहुन्छ ?' विक्रमले उल्टै सोधे - काम चाहिँ के हो ? कसरी गर्नुपर्ने ? के-के गर्नुपर्छ ? जानुकाले भनिन्, 'होमबेस्ड जब हो र हजुरले जहाँबाट जतिबेला पनि काम गर्न सक्नुहुन्छ । हजुरको जब रोल कम्पनीको वर्किङ पोर्टल र वेबसाइटमार्फत् सेलिङ प्रोडक्टहरूको प्रमोटिङ, रेटिङ र रिभ्यु बुस्ट गर्ने हो ।'

विक्रम तुरुन्तै राजी भए । भने, 'त्यसो भए ओके । म काम गर्छु ।' विक्रम शिक्षक हुन् । खान लाउन उनलाई पर्याप्त थियो । तर, अतिरिक्त कमाउने भए पनि किन पछि हट्ने ? सुप्रिया र जानुकाको विश्वासमा परे । उनीहरूले भनेको काम गर्न तयार भए । मनमा भने एउटा खुल्दुली भयो र सोधे, 'कम्पनीबारे अलिक प्रष्ट पार्नुहोस् न एकपटक ।'

च्याटबक्समै जानुकाले आईकेई एक स्विडिस मल्टिनेसनल कम्पनी भएको र त्यसले घरको फर्निचर, घर सजावट र अन्य सामग्रीसँगै डिजाइनहरूको बिक्री गर्ने जानकारी दिइन् । यत्ति सुन्दा विक्रमलाई विश्वाशिलो कम्पनी लाग्यो ।

तर, तालिम लिनुपर्ने भनियो । तालिम पूरा गरेपछि मात्रै दैनिक ८०० देखि १२०० रूपैयाँसम्म कमाउन सकिने बताइन् । पछिपछि ३६०० देखि ३९०० सम्म कमाउन सकिने पनि जानकारी गराइन् । विक्रमको मनमा लाग्यो, 'कमाउने काइदा यो रहेछ ।' अनि, तालिममा सहभागी हुन विक्रम तयार भए । नाम दर्ता गरे । टेलिग्राममा अर्को आइडी खोले । कम्पनीले उनको खातामा १२ हजार ५०० रूपैयाँ राखिदियो । विक्रम औधी खुसी भए । साँच्चिकै कमाइ हुने ठाने ।

काम पनि थाले । उनले प्रभावलाई सुनाए, 'फर्निचरको विभिन्न अर्डर तीनपटक गर्नुपर्ने रहेछ । २५/२५ को सेट । त्यहाँ त कमिसन आउँदो रहेछ । अनि त्यसपछि उहाँ (जानुका)ले बोनस सोनस के के गरेर मलाई १७ हजार रूपैयाँ खातामा दिनुभयो । विथड्र गर्न पनि सहयोग गर्नुभयो ।'

विक्रमलाई लगानी गरे मुनाफा राम्रै हुने जानुकाले भनिन् । तर, उनी चुपचाप रहे । दोस्रो दिन पनि जानुकाले त्यही कुरा दोहोऱ्याइन् । लगानी गरे फाइदैफाइदा हुने बताइन् । अनि, विक्रमलाई लगानी गर्ने मन भयो । १२ हजार ५०० रूपैयाँ लगानी गरे । जानुकाले दोब्बर नाफा हुने सुनाइन् । नभन्दै अकाउन्टमा २३ हजार जति पैसा देखियो । उनी लोभिए । कमाइ त बवाल हुने भन्ठाने । फेरि जानुकाले लगानी बढाउन सुझाइन् । त्यसपछि १२ हजार ५०० नै लगानी गरे । नाफा राम्रै पाए । पटकपटक नाफा पाएपछि उनी ठूलो लगानी गर्न तयार भए ।

तेस्रोपटकमा २२ हजार ५२६ र चौथोपटकमा उनले एक लाख लगानी गरे । त्यति लगानी गरेको १/२ दिनमै अकाउन्टमा तीन लाख ४१ हजार भएको देखियो । विक्रम झनै हौसिए । अनि, थप दुई लाख लगानी गरे । बढेर छ लाख ७७ हजार पुग्यो । फेरि, खोजखाज गरेर छैटौ पटकमा एक लाख लगानी बढाए । खातामा पैसा बढ्दै गयो । १६ लाख ७७ हजार देखियो । सातौपटक लगानी गर्न विक्रम तयार भए । उनले ४१ हजार ६०५ लगानी गरे । खातामा पैसा बढेको बढेकै देखियो ।

क्रमशः पृष्ठ २ मा

### ठगी शैली

- टेलिग्रामको च्याटबक्समा युवतीको नामबाट युवाहरूलाई दिनमै ३९०० सम्म कमाउन सकिने र त्यसका लागि इच्छुक भए जोडिन प्रस्ताव
- जोडिएपछि छुट्टै अकाउन्ट खोल्न लगाउने
- सुरूमा कम्पनीको तर्फबाट अकाउन्टमा १२ हजार ५०० राखिदिने
- त्यसपछि दुई/तीन दिनमा १७ हजार खातामा देखिने र निकाल्न मिल्ने
- लगानी गरे नाफा राम्रो हुने आश्वासन
- लगानी बढाउँदै जाँदा दोब्बर बढ्नेसम्मको वचन
- आधा करोड छेउछाउ लगानी पुगेपछि निकाल्न नमिल्ने बनाउने र निकाल्न बीमा गर्नुपर्ने सर्त
- अन्ततः रकम निकाल्न नमिल्ने बनाएर सम्पर्कविहीन हुने

सन्दर्भ: वैदेशिक रोजगार

## यूएई जाने श्रमिकले भिएफएसमार्फत १४ हजार २०० बुझाउनुपर्ने

कम्पनीहरूले मागेको भन्ने विषय छ तर कुनै पनि आधिकारिक जानकारी आएको छैन । यहाँ फ्रि-भिजा, फ्रि-टिकेटदेखि इम्प्लोयर पे मोडलको कुरा गरिन्छ । तर नेपाली नागरिकहरु धमाधम छायाँ सेन्टरमा गएर पुलिस रिपोर्ट छाप हान्न बाध्य छन्

**■ महेश बस्नेत**
**महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

भिएसएफ सिन्डिकेटको रूपमा निस्किएको हो । आजभन्दा एक डेढ वर्ष पहिला यस्तै प्रावधान ल्याउन खोज्दा हामीले राज्यसँग डायलग गरेर नेपाल सरकारले दुबई एम्बेसीमा प्रमाणीकरण गराउन पर्दैन भनेपछि त्यो बेलामा रद्द गरिएको हो

**■ हरिबहादुर पाण्डे**
**अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति**




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (यूएई) जाने कामदारले पुलिस रिपोर्ट प्रमाणीकरण गर्नु सामान्य प्रक्रिया हो । तर हिजोआज पुलिस रिपोर्ट प्रमाणीकरणका लागि कामदारले भिजा फ्यासिलेटेसन सर्भिस (भिएफएस) ग्लोबलमार्फत १४ हजार २०० तिर्न बाध्य हुन थालेका छन् ।

यूएई रोजगारीको प्रक्रिया थालेपछि कामदारले नेपाल प्रहरीबाट उक्त रिपोर्ट लिएपछि परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरण गराउनपर्छ । त्यसपछि भिएफएससमार्फत यूएईस्थित दूतावासबाट अनिवार्य भेरिफाइ गर्नुपर्छ । गत भदौ २३ र २४को जेनजी आन्दोलनपछि यूएईले नेपालीको भिसा रोकिदिएको थियो । झण्डै तीन महिना रोकिएको यूएई रोजगारी पुनः खुलेपनि दूतावासबाट पुलिस रिपोर्ट रुजु गर्नुपर्ने अनिवार्य प्रावधानको मारमा कामदारहरू परेका छन् ।

उक्त पुलिस रिपोर्टको म्याद तीन महिनाको मात्र हुने हुँदा उक्त अवधिमा भिसा नलागेका कामदार थप पीडित हुने देखिएको छ । यसैगरी रोजगारीमा युएई जाने कामदारलाई थप आर्थिक बोझ थपिने भएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले यूएई जाने टुङ्गो नलाग्दै श्रमिकमाथि यति ठूलो खर्च गर्न बाध्य बनाइनु अन्याय भएको दाबी गरेको छ । उक्त प्रावधानको आधिकारिकतासमेत पुष्टि नभएको संघका महासचिव महेश बस्नेतले बताए ।

'कम्पनीहरूले मागेको भन्ने विषय छ तर कुनै पनि आधिकारिक जानकारी आएको छैन । यहाँ फ्रि-भिजा, फ्रि-टिकेटदेखि इम्प्लोयर पे मोडलको कुरा गरिन्छ । तर नेपाली नागरिकहरू धमाधम छायाँ सेन्टरमा गएर पुलिस रिपोर्ट छाप हान्न बाध्य छन्,' बस्नेतले भने, '१४ हजार २०० तिरेर भोलि भिजा आएन या आउन तीन महिनाभन्दा बढी लाग्यो भने त्यो पैसा त गयो नि । यो श्रमिकमाथिको ठूलो अन्याय हो ।'

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले केही समय अगाडि पनि यस्तै प्रावधान ल्याउन खोजिएको स्मरण गर्दै यो प्रावधान 'सिन्डिकेट'कै रूप भएको जनाएको छ । भिएफएस लागू गराउन केही व्यक्ति सक्रिय रहेको समितिका अध्यक्ष हरिबहादुर पाण्डेले बताए । 'भिएसएफ सिन्डिकेटको रूपमा निस्किएको हो ।

क्रमशः पृष्ठ २ मा

## अख्तियारको आक्रामक दुई साता : नेता, प्रशासकदेखि निर्माण कम्पनी निशानामा

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एकपछि अर्को भ्रष्टाचार प्रकरणमा ठूला नेता र कर्मचारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । पछिल्लो दुई सातामा नलिञ्चोक हेलिकोप्टर, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, भिजिट भिसा र विघटित प्रतिनिधिसभाकै अर्थ समिति सभापतिविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

आइतबार अख्तियारले अर्थ समितिका निवर्तमान सभापति सन्तोष चालिसेमाथि गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारले गोकर्णेश्वर नगरपालिकाको मेयर भएका बेलामा उनले गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोग लगाएको छ । उनीमाथि सम्पत्ति शुद्धीकरणको मुद्दासमेत दायर भएको छ ।

आठ करोड ५६ लाख रूपैयाँको सम्पत्ति जोडेका उनले चार करोड ८८ लाख रूपैयाँ मात्रै वैध रूपमा आर्जन गरेको भेटिएको अख्तियारको दाबी छ । अख्तियारको दाबीअनुसार उनले ३ करोड ६८ लाख रूपैयाँ गैरकानुनी आर्जन गरेका थिए ।

अख्तियारले उनकी पत्नी मन्दिरा चालिसे, छोरा सागर चालिसे र सञ्जिव चालिसे र बुहारी प्रमिला पोखरेललाई सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाएको छ । चालिसे २०७४ सालदेखि गोकर्णेश्वर नगरपालिकाका मेयर थिए । मेयरको पाँच वर्ष कार्यकाल सकिएपछि उनी प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं-३ बाट निर्वाचित भएका थिए ।

यही २६ मंसिरमा भिजिट भिसा प्रकरणमा अख्तियारले त्रिभुवन विमानस्थलका तत्कालीन प्रमुख सहसचिव तीर्थराज भट्टराई र अध्यागमनका तत्कालीन अध्यागमन अधिकृत यज्ञराज अर्यालसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । अख्तियारले भट्टराईसहित तीन जनाविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरमा समेत बिहीबार मुद्दा चलाएको छ । भट्टराईविरुद्ध ७९ लाख ८० हजार बिगो, त्यति नै जरिवाना र ६ देखि ८ वर्षसम्म कैद सजाय मागदाबी गरिएको छ । कार्यालय प्रमुख भएका कारण उनलाई थप ३ वर्ष कैद सजाय पनि मागदाबी छ ।

अर्यालविरुद्ध भने ८ लाख बिगो र त्यति नै जरिवाना तथा २ देखि ४ वर्षसम्म कैद सजाय दाबी गरिएको छ । यस्तै, मतियारका रूपमा प्रतिवादी ग्रिनलाइन होलिडेज ट्राभलका...

आइतबार अख्तियारले अर्थ समितिका निवर्तमान सभापति सन्तोष चालिसेमाथि गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा भ्रष्टाचार मुद्दा दायर

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## दैनिक दुई ...

अनि त आठौपटकमा ६ लाख ७७ हजार ६२७ रूपैयाँ लगानी गरे । उनले यो लगानी घरमा दाजु, बुबाआमालगायतसँग माग्दै गरेका हुन् । बुबाआमा पनि विक्रमको अकाउन्टमा पैसा बढेको देखेर मख्ख । शिक्षक छोरोको अतिरिक्त कमाइले उनीहरू गदगद भए । कारण, यो समयको कमाइ थियो । अर्थात् १० दिनको । अंग्रेजी महिना नोभेम्बर २ तारिखदेखि जानुकासँग चिनजान भएर विक्रमले लगानी थालेका । सोही महिनाको १३ तारिखमा उनले आफन्तजनसँग मागेर १६ लाख ७७ हजार ८८९ रूपैयाँ लगानी थपे । अकाउन्टमा ६० लाख नाघ्यो । तर, अब यो रकम निकाल्न भने बीमा गर्नुपर्ने भनियो । बीमा रकम १९ लाख ९४ हजार ४६० तोकियो । त्यति लगानी सबै आउने जानुकाको भनाइ थियो । सोहीअनुसार १७ नोभेम्बर अर्थात् मंसिर १ गते त्यति रकम बुझाए । त्यो रकम गाउँलेहरूको सुन बैंकमा धितो राखेर बालकृष्णले निकालेका थिए । पैसा निकाल्न मिलेन । अझै लगानी बढाउन दबाब दिए ।

त्यहीबेला उनले गाउँलेहरूबाटै सुने, 'टेलिग्रामबाट मान्छेहरू थुप्रै ठगिए अरे ।' विक्रम झस्किए । अनि, टेलिग्रामको आफ्नो अकाउन्टमा भएको पैसा निकाल्न मिल्ने बनाउन जानुकासँग भने । तर, ९० लाख पुगेपछि मात्रै निकाल्न मिल्ने भने । कसै गर्दा पनि उनले पैसा निकाल्न सकेनन् । यही ९ मंसिरमा उनले काठमाडौं आएर साइबर ब्युरोमा ठगीसम्बन्धी कसुरमा उजुरी दिए । तर, ब्युरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले भनिदिए, 'तपाईंको ठगिएको रकम करिब करिब फिर्ता आउँदैन ।'

विक्रम निराश भएर पाँचथर फर्किएका छन् । धन कमाउने लोभमा परेर उनले झण्डै आधा करोड डुबाए । उनले भने, 'मलाई यसरी उक्साइयो नि, म आँखा चिम्लेर लगानी गर्न तयार भएँ र अहिले आएर यस्तो हालत भयो ।' विक्रम मात्रै होइन, पाँचथरकै प्रवीन बराइलीले पनि टेलिग्राममै ५० लाख डुबाए । उनले चिन्तित हुँदै भने, 'अब के गर्ने होला ?'

■■■

## पुस १ गते...

### ओली–पोखरेलबीच घोचपेच

महाधिवेशनअघिको अन्तिम बैठकमा अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलबीच घोचपेच चलेको थियो । पोखरेलले ओलीलाई ११ वर्ष पार्टी अध्यक्ष भइसकेकोले अब अभिभावक भएर बस्न आग्रह गरेका थिए । '११ वर्ष पार्टी अध्यक्ष हुनुभयो । ६ वर्ष प्रधानमन्त्री । 'अब कमरेड ओलीले यो पार्टीको अभिभावक हुनपर्छ भन्ने ठान्छु,' पोखरेलले भने ।

ओलीले गरेका काम सबै राम्रो भएको भन्दै आए पनि असफल भएको विषयमा आत्मसमीक्षा पार्टीले नगरेको पोखरेलको दाबी थियो । 'हामीसँग राज्य संयन्त्र थियो । के राज्य संयन्त्र निकम्मा हो ? वा हामीबाट कमजोरी भयो ? कमजोरी भयो भन्नेतिर ध्यान दिनै पर्छ । हामीमा पर्याप्त कमजोरी थिए,' अवधारणापत्र पेश गर्दै ओलीले भने ।

ओलीले बैठकमा पोखरेलप्रति असन्तुष्टि पोखे । अरुको एजेन्डा बोकेर आफूमाथि आक्रमण गर्ने प्रयास भएको आरोप पोखरेलमाथि लगाए । 'आत्मआलोचनाका नाममा अरुका एजेन्डा बोकेर हिँडेका छन् । हामी त्यही एजेन्डा बोकेर हिँडेका छौँ । तत्कालीन प्रधानमन्त्री (म) लाई कारबाही गर्नु पर्‍यो भनेर माग गर्ने ?' ओलीले प्रश्न गरे । उनले आफूलाई कारबाहीको माग गर्ने कुरा विपक्षी पार्टी र मिडियालेसमेत भन्न नसकेको अवस्थामा आफ्नै नेताहरूले दस्तावेजमा समेटेको तर्क ओलीले गरेका थिए । ओली र पोखरेल अध्यक्षका प्रत्यासी हुन् ।

### तीन जनाले रोजे स्वेच्छिक अवकाश

पद पाउन होडबाजी चलिरहेको बेला तीन शीर्ष नेताले कुनै पदमा उम्मेदवारी नदिने घोषणा गरेका छन । १० औं केन्द्रीय कमिटीको अन्तिम बैठकमा उपाध्यक्षद्धय युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र अनुशासन आयोग अध्यक्ष केशव बडालले उम्मेदवारी नदिने घोषणा गरेका हुन् । एमालेको जारी महाधिवेशनको बन्दसत्रमा ज्ञवाली, शाक्य र बडालले नेतृत्वबाट बिदा लिएर पार्टीलाई आफ्नो अनुभवको आधारमा योगदान गर्ने घोषणा गरेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । त्यसैगरी पोलिटब्युरो सदस्य दलवहादुर राना, केन्द्रीय सदस्य ईश्वरी जिएम, भीम केसी र म्याग्दीका भुपेन्द्रबहादुर थापाले पनि सक्रिय राजनीतिबाट बिदा लिने घोषणा गरेका छन् ।

■■■

## यूएई जाने...

आजभन्दा एक डेढ वर्ष पहिला यस्तै प्रावधान ल्याउन खोज्दा हामीले राज्यसँग डायलग गरेर नेपाल सरकारले दुबई एम्बेसीमा प्रमाणीकरण गराउन पर्दैन भनेपछि त्यो बेलामा रद्द गरिएको हो,' पाण्डेले भने, 'दुबई भिजा सेन्टरकै साथीहरूले लागू गर्न खोजेको भन्दै नामहरू आइरहेको छ । यो आवश्यक छैन । यसलाई तत्काल खारेज गर्नुपर्छ ।'

पुलिस रिपोर्ट लिएकाहरूको पनि भिसा रिजेक्ट भइरहेको पाण्डेले बताए । यूएईका लागि नेपालका राजदूतसँग छलफल गर्दासमेत यूएई सरकारबाट आधिकारिक जानकारी नआएको बताएको उनको भनाइ छ । हाल साउदी अरबलगायतका मुलुकमा पुलिस रिपोर्ट अनिवार्य छ । तर दूतावासबाट भेरिफाइ गर्न नपर्ने हुँदा उक्त शुल्क तिर्नुपर्दैन । नेपाल सरकारले दिएको रिपोर्टलाई स्वीकार्ने व्यवस्था मिलाउनपर्ने व्यवसायीको माग छ ।

परराष्ट्र मन्त्रालयले भने पुलिस रिपोर्ट पठाउने प्रक्रिया त्यही नै भएपनि कुनै पक्षलाई यसबाट समस्या भइरहेको छ भने त्यसको सम्बोधन गर्ने जनाएको छ । जायज विषयमा छलफलका लागि तयार भएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए ।

'पुलिस रिपोर्ट यहाँ बनाउनै पर्‍यो, यूएईका अधिकारीले भेरिफाइ गर्न उता जानैपर्छ । प्रक्रिया त त्यही हो । मन्त्रालय र दूतावास कामदारका रूपमा जानेलाई कसरी बढी सहज हुन्छ भन्नेमा केन्द्रित छ,' पौडेलले भने, 'व्यवसायीले राखेका कुरा यदि जायज हो भने सम्पर्कमा आउनपर्‍यो । यसमा गर्न पर्ने केही रहेछ भने हामीले त्यसलाई सम्बोधन गर्छौं ।'

प्रत्येक महिना १५ हजारभन्दा बढी युवाहरू संस्थागत माध्यमबाट यूएई जाँदै आएका छन् । गत आर्थिक वर्ष २०८१/८२मा सबैभन्दा धेरै दुई लाख ७४ हजार ५९० जना रोजगारीका लागि यूएई गएका थिए । त्यस्तै ०८०/८१मा एक लाख ९३ हजार ४३८ जना गएका थिए । यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो ।

■■■

## अख्तियारको...

प्रमुख बालकृष्ण खड्काविरुद्ध ३० लाख २० हजार र फेमिली होलिडेज ट्राभल्सका सञ्चालक राम खड्काविरुद्ध ३० लाख २० हजार बिगो, त्यति नै जरिवाना असुल र ४ देखि ६ वर्षसम्म कैद हुनुपर्ने माग छ ।

फेमिली होलिडेज ट्राभल्सका सञ्चालक दीपक भण्डारीविरुद्ध १० लाख ६० हजार बिगो र त्यति नै जरिवाना तथा २ वर्षदेखि ४ वर्षसम्म कैद सजाग मागदाबी छ । बिचौलियाद्वय कविता पौडेल र खेमप्रसाद सुवेदीविरुद्ध जनही ७९ लाख ८० हजार रूपैयाँ बिगो कायम गरिएको छ । उनीहरूलाई बिगो, बिगो बराबर जरिवाना र ६ देखि ८ वर्षसम्म कैद सजाय मागदाबी गरिएको छ ।

भिजिट भिसा प्रकरणमा गिरोहबाट बुझेको रकम शुद्धीकरण गरेको कसुरमा अख्तियारले सहसचिव भट्टराई, पौडेल र सुबेदीविरुद्ध १ करोड ३ लाख ७९ हजार ६ सय रूपैयाँका दरले बिगो असुल, त्यति नै जरिवाना र ८ वर्षदेखि १० वर्षसम्म कैद सजाय मागदाबी गर्दै सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरिएको छ ।

यही २१ मंसिरमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको अनियमितता प्रकरणमा ५ पूर्वमन्त्री र १० पूर्वसचिवसहित ५५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले करिब ८ अर्ब रूपैयाँ बिगो कायम गरी विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारले पूर्वमन्त्रीहरू पोस्टबहादुर बोगटी (दिवंगत), रामशरण महत, दीपक अमात्य, रामकुमार श्रेष्ठ र भीम आचार्यसहितलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो । प्रतिवादी बनाइएकामध्ये कांग्रेस नेता महत तत्कालीन अर्थमन्त्री हुन् भने बाँकी ४ जना पूर्वपर्यटनमन्त्री हुन् ।

अख्तियारका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका निलम्बित महानिर्देशक प्रदीप अधिकारी र पूर्वनिर्देशक मुरारी भण्डारीलाई पनि प्रतिवादी बनाइएको छ । दुवै जना नलिन्चोक हेलिपोर्ट निर्माण अनियमितताका पनि प्रतिवादी हुन् । सर्वोच्च अदालतका पूर्वरजिस्ट्रासमेत रहेका विमानस्थल निर्माणसम्बन्धी अध्ययन कार्यदलका तत्कालीन संयोजक रामकृष्ण तिमल्सेना, सुरेशमान श्रेष्ठ, मधुकुमार मरासिनीलगायत १० पूर्वसचिवहरूलाई समेत प्रतिवादी बनाइएको छ । पोखरा विमानस्थल चीनको ऋण सहयोगमा बनाइएको राष्ट्रिय गौरवको आयोजना हो ।

१७ मंसिरमा भक्तपुरको नलिञ्चोक हेलिप्याड निर्माणमा भ्रष्टाचार भएको भन्दै नेपाल नागरिक उड्यन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी र पूर्वनिर्देशक भण्डारीसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । करिब १३ करोड रूपैयाँ बिगो कायम गरेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो । इआईए नगरी आयोजना निर्माण गरेको, निर्माणमा अनियमितता गरेकोलगायत कसुर स्थापित भएको अख्तियारले विशेष अदालतमा दायर गरेको अभियोगपत्रमा उल्लेख छ ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०७/२४ गते रामेछाप जिल्ला खाडादेवी गाउँपालिका वडा नं. ७ मा पार्किङ गरिराखेको अवस्थामा बा.प्र. ०२-३० प. ०५२६ नं. कालो यामाहा कम्पनीको मोटरसाइकल च्यासिस नं. MEIRG6818M0070459 इन्जिन नं. G3N4E0185067 हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु होला ।

**निवेदकको नाम : सञ्जय तामाङ**
**सवारी धनीको नाम: गोरखा मनकामना अटो ई.प्रा.लि.**
**फोन : ९८५१२९१७७१**



**ओमनमा रोजगार** कम्पनी : AL SAAJ AL THAHBI AL MUMAIZ LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 335054 | चलानी नं. ६०२४८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook-Arabic Food | 3 | 0 | 150 | ५६,४६३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Waiters | 2 | 0 | 140 | ५२,६९९ | | | | | | | |
| 3. | Foreign Food Cook | 3 | 0 | 150 | ५६,४६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ६ गते (21st Dec. 2025) मा हुनेछ ।

नोट : L T No. 335054 को Al Saaj Al Thahbi Al Mumaiz LLC कम्पनीको विज्ञापन प्राविधिक कारण छुट्न गएकोले आज मिति २०८२ मंसिर २९ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## Barju Rural Municipality
# Office of Rural Municipal Executive
### Amahibelha, Sunsari
### Koshi Province, Nepal

## Invitation for Bids

**Invitation for Bids No: BRM/SUNSARI/NCB/WORKS/5/2082/83**

**First Date of publication: 15-12-2025**

1 Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of Milan Chowk Swandariyakaran Antargat Gate nirman (& RCC Drain Nirman)

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.

3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NIC Asia Bank Limited. Barju Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: **2432050027873004**
   Rajaswa (revenue) Shirshakno. : 14249 - Aanya Dastur (AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA)

4. Pre-bid meeting shall be held on 04-01-2026, 12:00 at Barju Rural Municipality Office and Last Date of Bid Submission is 14/01/2026 till 12:00 PM

5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.

6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend **at 2:00 PM, 14-01-2026** at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for **30 days** beyond the validity period of the bid.

   Name Of the bank :NIC Asia Bank Limited.
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: **243CA50017628005**
   **Account Name :** DHARAUTI KHATA-BARJU GAUNPALIKA

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

8 The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bid without assigning any reason, whatsoever.

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount NRs Excluding Vat And Contingencies and Inc. PS | Bid Security Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Milan Chowk Swandariyakaran Antargat Gate nirman (& RCC Drain Nirman) | BRM/SUNSARI/NCB/WORKS/5/2082/83 | 1,08,93,378.32 | 3,20,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

**वार्षिक साधारण सभाको सूचना**
**पिस इनर्जी कम्पनी लिमिटेड**
**बत्तिसपुतली, काठमाडौं**

**आ.व.२०८१/०८२ को वार्षिक साधारण सभाको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२९**

यस पिस इनर्जी कम्पनी लि.को मिति २०८२/०८/२८ गते बसेको संचालक समितिको बैठकद्धारा पारित भई मिति २०८२/०९/२१ गतेको दिन पिस इनर्जी कम्पनी लिमिटेड को वार्षिक साधारण सभामा निम्न मिति, स्थान र समयमा निम्न बमोजिमका विषयहरूमा छलफल हुने हुँदा उक्त दिनको साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ । सम्पूर्ण शेयरधनीहरूलाई लिखित तथा मौखिक जानकारी समेत गरि सकिएकोमा यदि उक्त सूचना प्राप्त गर्न नसक्नु भएका शेयरधनीहरूले यसै सूचनालाई आधिकारिक सूचना मानी उल्लेखित मितिमा हुने वार्षिक साधारण सभामा उपस्थित हुन अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**

**मितिः २०८२।०९।२१ गते सोमबार**
**समय : बेलुका ६ बजे**
**स्थान : प्रेसिडेन्ट सेकुवा, बत्तीसपुतली, काठमाडौं ।**

**(क) सामान्य प्रस्तावः**

१. आ.व. ०८१।०८२ को अध्यक्षज्यूले पेश गर्नु हुने प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
२. आ.व. ०८१।०८२ को कम्पनीका तर्फबाट लेखा परीक्षकज्यूले पेश गर्नु हुने लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
३. आ.व.०८२।०८३ का निम्ती लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समिति गठन (सर्वसम्मत वा निर्वाचन) गर्ने सम्बन्धमा ।
५. विविध ।

**(ख) विशेष प्रस्तावः**

१. प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा ।
२. सर्वसाधारण शेयरधनीको लागि (IPO) जारी गर्ने विशेष प्रस्ताव सम्बन्धमा

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) कुनै शेयरधनीले मनोनित प्रतिनिधि मार्फत सभामा भाग लिने भएमा तोकेको को ढाँचामा प्रोक्सी फारम (प्रतिनितिध पत्र) भरी सभा शुरु हुने भनि तोकिएको दिनभन्दा कम्तिमा ४८ घण्टा अगावै तोकिएको समय भित्र कम्पनीको कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी प्रतिनिधि मुकरर गर्दा कम्पनीको शेयरधनी बाहेक अरु व्यक्तिलाई प्रतिनिधि मुकरर गर्न पाइने छैन । प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि वदर गर्ने भएमा सोको लिखित सूचना सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा निर्धारित समयभित्र दर्ता गरि सक्नु पर्नेछ ।
२) प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा निजले मुकरर गरेको प्रतिनिधि स्वतः वदर हुनेछ ।
३) कुनै संगठित संस्था, बैङ्क तथा वित्तीय संस्था कम्पनीको मतदाता रहेमा सम्बन्धित शेयरधनी संस्थाबाट तोकिएको व्यक्ति वा मनोनित गरिएको प्रतिनिधिले मतदान गर्न सक्नेछन् ।
४) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।
५) शेयरधनी महानुभावहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रूपमा उत्तर दिन सक्नेछ ।
६) आ.व. ०८१।०८२ बार्षिक साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कर्पोरेट कार्यालय बत्तीसपुतली, काठमाडौंमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
७) सञ्चालक निर्वाचन सम्वन्धी जानकारी यस कम्पनीको कर्पोरेट कार्यालय, बत्तीसपुतली, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयको सूचना पाँटीमा उपलब्ध हुनेछ ।
८) साधारण सभाको दिन सञ्चालक समितिको सर्वसम्मत निर्णयबाट वा चुनावी प्रकृयाबाट सञ्चालक चयन हुँने हुँदा सोही दिन वार्षिक साधारण सभा हुने स्थलमा निर्वाचन कार्यक्रम प्रकाशित हुने व्यहोरा अनुरोध छ ।
९) प्रचलित ऐनले तोकेको म्याद भित्र प्रोक्सी मार्फत हाजिर हुने भए सो बुझाउन ल्याउनु होला ।
१०)सुरक्षाको कारणबाट सभाहलमा आउँदा शेयरधनी महानुभवहरूले छाता, झोला, ब्याग जस्ता बस्तुहरू लिएर सभा हलमा प्रवेश नगर्नु हुन साथै सभामा खटिएका सुरक्षाकर्मीहरूलाई सुरक्षा जाँच गर्न सहयोग गरिदिनु हुन अनुरोध छ ।
११)सभा सम्वन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

# सहसचिव गिरीलाई ‘सर्वोत्कृष्ट संसद् सेवा पुरस्कार’



**काठमाडौं (प्रस)–** संघीय संसद् सचिवालयले उत्कृष्ट कार्यसम्पादन गरेका चार जना कर्मचारीलाई पुरस्कृत गरेको छ । सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले १९औं संसद् सेवा दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा उनीहरूलाई पुरस्कार प्रदान गरे ।

सचिवालयले सहसचिव मनोजकुमार गिरीलाई सर्वोत्कृष्ट ‘संसद् सेवा पुरस्कार’, शाखा अधिकृत जयराम खड्कालाई ‘उत्कृष्ट संसद् सेवा पुरस्कार’ तथा प्रविधिक नायब सुब्बा कृष्णकला पौडेल र कार्यालय सहायक गणेश महर्जनलाई ‘संसद् सेवा पुरस्कार’ प्रदान गरेका हुन् । पुरस्कारको राशि क्रमशः एक लाख, ७५ हजार र ५० हजार रूपैयाँ रहेको छ ।

त्यस अवसरमा संसद् सेवाका अन्य चार जना माली, कुचिकार, चालक र कार्यालय सहयोगीलाई पनि प्रोत्साहनस्वरूप नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो ।

यसअघि कार्यक्रममा सभामुख घिमिरे र राष्ट्रिय सभा अध्यक्ष दाहालले ‘संसद् सेवा’ स्मारिका विमोचन गरे । २०५८ मंसिर २८ गते संसद् सेवा ऐन जारी भएको दिनको सम्झनामा हरेक वर्ष यो दिवस मनाइन्छ ।

# ‘समावेशीकरणको संरक्षण गर्नु राज्यको दायित्व’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले संविधानले सुनिश्चित गरेको समावेशीकरण, सामाजिक न्याय र सांस्कृतिक-भाषिक विविधताको संरक्षण तथा प्रवर्द्धन गर्नु राज्यको दायित्व भएको बताएकी छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको २६औं सञ्चालक परिषद् बैठक आइतबार उद्घाटन गर्दै उनले आदिवासी जनजातिहरूको पहिचान, अधिकार, संस्कृति र समग्र विकासका लागि प्रतिष्ठानले गर्दै आएको योगदान प्रशंसनीय रहेको बताइन् ।



उनले परिषद् बैठकबाट गरिने निर्णय, मार्गदर्शन तथा नीतिगत सुझावहरू राष्ट्रिय नीतिहरूको प्रभावकारी कार्यान्वयनमा सान्दर्भिक हुने विश्वास व्यक्त गरिन् । प्रधानमन्त्री कार्कीले संस्थागत सुदृढीकरण, कार्यक्रमको प्रभावकारिता, अनुसन्धानमा आधारित नीतिको सिफारिस, मातृभाषा तथा संस्कृतिको अभिलेखीकरण र संरक्षण, साथै आदिवासी जनजातिहरूको दिगो सामाजिक-आर्थिक सशक्तीकरणका लागि परिषद् बैठकले स्पष्ट दिशा तय गर्ने अपेक्षा व्यक्त गरिन् । उनले सरकारले प्रतिष्ठानका कार्यक्रम तथा गतिविधिहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यक नीतिगत, संरचनात्मक सुधार तथा बजेट उपलब्ध गराउँदै आएको जानकारी दिइन् ।

प्रधानमन्त्री कार्कीले विकास साझेदार, नागरिक समाज, स्थानीय सरकार र समुदायबीचको सहकार्यलाई अझ मजबुत बनाउँदै समावेशी विकासका उद्देश्य हासिल गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि सरकार आवश्यक सहजीकरण गर्न तत्पर रहेको बताइन् ।

संविधानले आत्मसात् गरेको गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशीकरणका मान्यतालाई सबै जातजाति तथा समुदायको सर्वोपरि हितका लागि कार्यान्वयनमा लैजानु सरकार र आमनागरिक दुवैको दायित्व भएको उनको भनाइ थियो । विविधतालाई राष्ट्रिय एकतामा रूपान्तरण गर्न तथा आदिवासी जनजातिको सांस्कृतिक हक सुनिश्चित गर्न संविधानले प्रत्याभूत गरेका व्यवस्थाहरू कार्यान्वयन गर्नुपर्ने उनले उल्लेख गरिन् ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)-१६९ र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रअनुसार कानुन संशोधन गर्न सर्वोच्च अदालतले दिएको निर्देशनात्मक आदेशको सम्मान गर्दै समयानुकूल नियम कानुन परिमार्जनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लैजान सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री कार्कीले स्पष्ट गरिन् । आदिवासी जनजाति आयोग र थारू आयोगजस्ता संवैधानिक आयोगहरूको गठनले हक अधिकार संरक्षणमा सहयोग पुगेको उल्लेख गर्दै उनले आयोग र प्रतिष्ठानबीच आपसी सहकार्य र समन्वयका आधारमा साझा लक्ष्य हासिल गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनले उठाएका सुशासन, समृद्धि, नातावाद, क्रिपावाद र पक्षपातको अन्त्यसम्बन्धी मागहरू समावेशी विकास र सामाजिक न्यायको आकांक्षाको अभिव्यक्ति भएको प्रधानमन्त्री कार्कीको भनाइ थियो । सबै वर्ग र समुदायको समान पहुँच र सहभागितामा भएको विकासमात्र दिगो हुने र यसले राष्ट्रलाई बलियो बनाउने उनले बताइन् ।

# पशु सेवा केन्द्रमा विज्ञ अभाव

**बैतडी (प्रस)–** पाटनमा रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एक वर्षदेखि चिकित्सकविहीन बनेको छ । सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय मातहत रहेको सो कार्यालयमा एक वर्षदेखि पशु चिकित्सकको पदपूर्ति हुन सकेको छैन । पशु चिकित्सक नहुँदा पशु स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गर्न नसकिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख गुमानीदत्त पन्तले जानकारी दिए ।

पशुमा लाग्ने रोगको पहिचान तथा निदान, निरोगिता प्रमाणित, ल्याब तथा शल्यक्रिया, डाइग्नोसिसजस्ता पशु स्वास्थ्य सेवा प्रभावित बन्न पुगेको जनाएको छ । ‘यसअघि करारमा कार्यरत पशु चिकित्सक विशाल पाठक गत वर्षको मंसिरदेखि नै कार्यालयबाट गइसकेपछि हालसम्म पदपूर्ति हुन सकेको छैन,’ केन्द्रका प्रमुख पन्तले भने, ‘जिल्लाबाट बाहिरिने खसी, बोका, भैंसी, राँगा निकासी पैठारीका लागि प्रमाणित गर्न सकिएको छैन, यसले चोरी निकासी गरी जिल्ला बाहिर पैठारीको जोखिम बढाएको छ ।’

पशु चिकित्सकसहित सात जना प्राविधिकको दरबन्दी रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अहिले एक पशु विकास अधिकृत र एक प्राविधिक गरी दुई जनामात्रै रहेका छन् ।


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२९**

यस अस्पताललाई आवश्यक तपशिल बमोजिमको विद्युतीय बोलपत्र आह्वान गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत विवरण सार्वजानिक खरिद अनुगमनको कार्यालयको website: www.bolpatra.gov.np/egp बाट जानकारी लिन सकिनेछ ।

तपशिल:

| बोलपत्र | बोलपत्र को नाम | बोलपत्र जमानत रू. | बोलपत्र शुल्क | बोलपत्रको प्रकार |
|---|---|---|---|---|
| KH/NCB/G-09/2082-83 | Rashan supply, meal preparation and bedside delivery for admitted patients | 175000 | 3000 | Package Wise |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेट**

**तपसिल ऋणीलाई कर्जा चुक्ता गर्न आव्हान गरिएको ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८२/०८/२९) प्रभाव दैनिक**

यस संस्थाको कार्यालय मिनभवन नयाँ बानेश्वरबाट व्यक्तिगत कर्जा लिने तपसिलमा उल्लेखित शेयर सदस्यले कर्जा लिएबापत बुझाउनुपर्ने साँवा, व्याज अन्य दै-दस्तुर समेतको रकम म्याद भित्रमा नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लघंन गरेको र बारम्बार ताकेताका साथै व्यक्तिगत सम्पर्क गरी कर्जा तिर्न जानकारी गराउँदा समेत ऋण तिर्न बेवास्ता गरेको हुँदा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण सावाँ, व्याज अन्य दै-दस्तुर सहितको सम्पूर्ण रकम बुझाई ऋण चुक्ता गर्नुहोला । अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम बमोजिम तपसिलमा उल्लेखित प्रचलित कानुन बमोजिम व्यक्तिको घर घरान वा कानुनी कारवाही गरि संस्थाको लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क.स | नाम | ठेगाना र नागरीकता नं. | ऋणीहरुको तस्वीर | थितो/जमानीको बिबरण |
|---|---|---|---|---|
| १. | नाम- भवनी प्रसाद राई<br>बाबुको नाम- गंगा प्रसाद राई<br>बाजेको नाम- केशर सिङ्ग राई | काठमाडौं गोलढुङ्गा वडा नं. ९<br>ना.प्र.नं. २०१२/२८२०६/१२०३ |  | ललितपुर, चापागाँउ-८, क कित्ता नं.: ३७३, ३७४, ३७५, ३७६ क्षेत्रफल : ४५३.०१ ब.मि., ४५३.०१ ब.मि., ४५३.०१ ब.मि., १३५९.२३ ब.मि |

साथै यस संस्थाको कार्यालयबाट अन्य विभिन्न शिर्षकमा कर्जा लिने. ऋणिहरुलाई पनि सावाँ, व्याज समयमा नबुझाएमा त्यस्ता ऋणिहरुलाई पनि चाँडो भन्दा चाँडो यसैलाई सूचना मानी किस्ता, ब्याज सहित तिर्न आउनुहुन सूचित गरिन्छ । अन्यथा उपरोक्त बमोजिम नै सूचना प्रकाशित गरि कर्जा असुल उपर गर्न समितिको निर्णय भएको हुँदा ऋणि तथा धन जमानी दिने व्यक्तिहरुको मान मर्यादामा प्रतिकुल असर पर्न गएमा संस्था जिम्मेबारी नहुने व्यहोरा समेत सुचित गरिन्छ ।

**गोरखा मिलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.**
**GURKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.**
मीनभवन उकालो, नयाँ-बानेश्वर, काठमाण्डौं जि.पि.ओ. ८५७३, एन.पी.सी. ६७५
फोन नं. ०१-४६२२८८३, ४६२२८४४, ४६२११३७ फ्याक्स : ४६२१५५०

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल भोजपुर**
**कोशी प्रदेश**
**भोजपुर, नेपाल**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**दोश्रो पटक प्रकाशित मिति - २०८२/०८/२९**

यस अस्पतालको तपशिल बमोजिमको खरिद कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकाले इजाजत प्राप्त फर्म/सप्लायर्सहरूबाट रितपुर्वक दरभाउपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयको Website: www.dhbhp.p1.gov.np मा हेर्नहुन समेत सुचित गरिन्छ ।

तपशिल-

| ठेक्का नं | खरिद सम्बन्धी विवरण | फारम दस्तुर रू. | जमानत रकम रू. | दरभाउपत्र जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय | लागत अनुमान रू. |
|---|---|---|---|---|---|---|---|
| DHBHP/FBA/02/082-083 | Fully Automated Biochemistry Analyzer Machine खरिद | १००० | ५४,०००/- | ९० दिन | २०८२/०९/१५ मध्यान्न १२:०० बजे | २०८२/०९/१५ दिनको २:०० बजे | २०,७५,०००/- |
| DHBHP/OPG/03/082-083 | OPG X-ray Machine खरिद | १००० | ६९,०००/- | ९० दिन | २०८२/०९/१५ मध्यान्न १२:०० बजे | २०८२/०९/१५ दिनको २:०० बजे | २४,७७,५००/- |

**श्री कान्ति भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
गोकर्णेश्वर-८, काठमाडौं, फोनः ०१-४९१११०५/४९१०९५९

**कर्जा चुक्ता गर्न आउन बारेमा ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना !**

*प्रथम पटक प्रकाशित मिति २०८२/०८/२९*

यस संस्थाबाट तपसिलका सेयर सदस्यहरूले तमसुक गरी लिनु भएको कर्जा रकमको सम्झौता वमोजिम तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम चुक्ता नगर्नु भएको, पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक **३५ (पैतिस)** दिन भित्रमा तिर्नु, बुझाउनु पर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणीको नाम, थर,वतन र तीनपुस्ते | जमानीको नाम, थर, वतन र तीनपुस्ते |
|---|---|
| **नाम : पवन के.सी.**<br>**बुबाको नाम** : गणेश ब. खत्री<br>**बाजेको नाम** : पुण ब. खत्री<br>**बुबाको नाम** : गणेश ब. खत्री<br>**स्थायी ठेगाना** : काठमाडौं<br>**ना.प्र.नं.** : २७१०१९/२४८२८ | **जमानी नाम** : |
| **नाम : काभे मगर**<br>**बुबाको नाम** : जगं ब. मगर<br>**बाजेको नाम** : दल ब. मगर<br>**स्थायी ठेगाना** : सोलुखुम्बु<br>**ना.प्र.नं.** : ३०६१ | **जमानी नाम: डिभ लमु शेर्पा**<br>ना.प्र.नं. : १६५६/८५० |
| **नाम : नोरकी लामा**<br>**बुबाको नाम** : नुर्पु लामा<br>**बाजेको नाम** : गरा लामा<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक<br>**ना.प्र.नं.** : ११३६ | |
| **नाम : रिता थापा मगर**<br>**बुबाको नाम** : नर सि. ब. सुनुवार<br>**बाजेको नाम** : तिर्थ ब. सुनुवार<br>**स्थायी ठेगाना** : रामेछाप<br>**ना.प्र.नं.** : ३०१०४१/१८३७७९ | |
| **नाम : पेमा याङ्जी शेर्पा**<br>**बुबाको नाम** : दावा शेर्पा<br>**बाजेको नाम** : नोरसाङ शेर्पा<br>**पतिको नाम** : विनोद थापा<br>**स्थायी ठेगाना** : दोलखा<br>**ना.प्र.नं.** : ४०७७३ | **नाम : सोभीतमान स्याङतान** |
| **नाम : राम भण्डारी**<br>**बुबाको नाम** : बाबु राम भण्डारी<br>**बाजेको नाम** : केशर ब. भण्डारी<br>**स्थायी ठेगाना** : चितवन<br>**ना.प्र.नं.** : ३५७७९/०४४ | |
| **नाम : राजेश राउत**<br>**बुबाको नाम** : अजित ब. राउत<br>**बाजेको नाम** : मणी कुमार राउत<br>**पतिको नाम** : तिर्थ बहादुर तामाङ<br>**स्थायी ठेगाना** : चितवन<br>**ना.प्र.नं.** : ५५९/०६० | |
| **नाम : उत्तम कुमार लामा**<br>**बुबाको नाम** : दिलिप कुमार तामाङ<br>**बाजेको नाम** : सलाम सि. तामाङ<br>**स्थायी ठेगाना** : काभ्रेपलाञ्चोक<br>**ना.प्र.नं.** : ३०१०४६/१७०१३७ | |
| **नाम : सुनिल योञ्जन तामाङ**<br>**बुबाको नाम** : मानध्वज तामाङ<br>**बाजेको नाम** : कर्मध्वज तामाङ<br>**स्थायी ठेगाना** : दोलखा<br>**ना.प्र.नं.** : २६०११ | |
| **नाम : अगाध ढुंगाना**<br>**बुबाको नाम** : अशोक ढुंगाना<br>**बाजेको नाम** : डोलकेश्वर ढुंगाना<br>**स्थायी ठेगाना** : काठमाडौं | नाम : रोशन देवकोटा<br>स्थायी ठेगाना : गो.न.पा.-६ |
| **नाम : कमला गिरी**<br>**बुबाको नाम** : जित ब. गिरी<br>**बाजेको नाम** : गोविन्द गिरी<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक<br>**ना.प्र.नं.** : ३०१/९८६ | |
| **नाम : बिष्णु श्रेष्ठ**<br>**बुबाको नाम** : श्याम श्रेष्ठ<br>**बाजेको नाम** : राम ब. श्रेष्ठ<br>**स्थायी ठेगाना** : काठमाडौं | |
| **नाम : चत्र बहादुर लामा**<br>**बुबाको नाम** : चमार तामाङ<br>**बाजेको नाम** : कान्छा लामा<br>**स्थायी ठेगाना** : काभ्रेपलाञ्चोक | **नाम : प्रकाश श्रेष्ठ**<br>स्थायी ठेगाना : गो.न.पा.-६ |
| **नाम : लली बहादुर श्रेष्ठ**<br>**बुबाको नाम** : पदम ब. श्रेष्ठ<br>**बाजेको नाम** : चक्र ब. श्रेष्ठ<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक<br>**ना.प्र.नं.** : ३०-०१-०६७-९२३७ | |
| **नाम : राम लामा**<br>**बुबाको नाम** : मिर्के लामा<br>**बाजेको नाम** : छोसाङ लामा<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक<br>**ना.प्र.नं.** : २४३०६८/२४३ | |
| **नाम : चित्र राज गतराज**<br>**बुबाको नाम** : हरिराज गतराज<br>**बाजेको नाम** : बलबिर गतराज<br>**स्थायी ठेगाना** : मकवानपुर<br>**ना.प्र.नं.** : १२/१९१ | |
| **नाम : भोज बहादुर सिग्देल**<br>**बुबाको नाम** : मणि ब. सिग्देल<br>**बाजेको नाम** : नेत्र ब सिग्देल<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक<br>**ना.प्र.नं.** : १७/१०५०३१ | |
| **नाम : अप्सरा फुयाल**<br>**बुबाको नाम** : ईन्द्र ब फुयाल<br>**बाजेको नाम** : पदम लाल फुयाल<br>**स्थायी ठेगाना** : मकवानपुर<br>**ना.प्र.नं.** : ३१-०१-७२-०५१७१ | **नाम : श्रीमान सानु कान्छा दोङ**<br>ना.प्र.नं. : ४८/३१४३५ |

| ऋणीको नाम, थर,वतन र तीनपुस्ते | जमानीको नाम, थर, वतन र तीनपुस्ते |
|---|---|
| **नाम : शुक्र श्रेष्ठ**<br>**बुबाको नाम** : कृष्ण ब श्रेष्ठ<br>**बाजेको नाम** : भक्त ब श्रेष्ठ<br>**स्थायी ठेगाना** : काठमाडौं<br>**ना.प्र.नं.** : २७-१०-१३-७६५२५ | |
| **नाम : निता कार्की**<br>**बुबाको नाम** : कृष्ण ब कार्की<br>**बाजेको नाम** : भक्त ब कार्की<br>**स्थायी ठेगाना** : रामेछाप<br>**ना.प्र.नं.** : २१३००९/०१५ | **नाम : रामकृष्ण श्रेष्ठ**<br>स्थायी ठेगाना : गो.न.पा.-४ |
| **नाम : सानु बाबु दर्जी**<br>**बुबाको नाम** : नर विर दर्जी<br>**बाजेको नाम** : झौदे दर्जी<br>**स्थायी ठेगाना** : काभ्रे<br>**ना.प्र.नं.** : ८०८३ | **नाम : ज्वाइ सुरज परियार** |
| **नाम : राम कृष्ण गिरी**<br>**बुबाको नाम** : प्रेम ब गिरी<br>**बाजेको नाम** : सहदेब गिरी<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक<br>**ना.प्र.नं.** : १४१७४ | **नाम : बाल कृष्ण श्रेष्ठ**<br>**बाजे : गोपी श्रेष्ठ**<br>**बुबा: नारायण श्रेष्ठ**<br>स्थायी ठेगाना : गो.न.पा.-४ |
| **नाम : पवन बस्नेत**<br>बुवाको नाम: नानीकाजी बस्नेत<br>बाजेको नाम : खड्ग ब. बस्नेत<br>स्थायी ठेगाना : काठमाडौं | |
| **नाम : राजु लामा**<br>बुवाको नाम: धन ब. लामा<br>बाजेको नाम : सानु लामा<br>स्थायी ठेगाना : काठमाडौं<br>ना.प्र.नं. : १९६७ | |
| **नाम : टोपेन्द्र सुनुवार**<br>बुवाको नाम: राम ब. सुनुवार<br>बाजेको नाम : लाल ब. सुनुवार<br>स्थायी ठेगाना : रामेछाप | **नाम : प्रबिन सुनुवार**<br>ना.प्र.नं.: २१-०१-७३-०२३५२ |
| **नाम : सुक बहादुर स्याङताङ**<br>बुवाको नाम: हस्त ब स्याङताङ<br>बाजेको नाम : खोतेमान स्याङताङ<br>स्थायी ठेगाना : मकवानपुर | **नाम : श्रीमती रिना स्याङताङ** |
| **नाम : रिना स्याङताङ**<br>बुवाको नाम: शाक्ती लामा<br>बाजेको नाम : भक्त ब लामा<br>स्थायी ठेगाना : मकवानपुर | **नाम : श्रीमान सुक बहादुर स्याङताङ** |
| **नाम : तारा बहादुर तामाङ**<br>बुवाको नाम: गएल तामाङ<br>बाजेको नाम : सगजार सि तामाङ<br>स्थायी ठेगाना : सिन्धुपाल्चोक<br>ना.प्र.नं. : २४१०६१/१९७२७ | **नाम : ज्ञान ब श्रेष्ठ**<br>स्थायी ठेगाना : गो.न.पा ४ |
| **नाम : निर्मल बल**<br>बुवाको नाम: चन्द्र ब बल<br>बाजेको नाम : चतुर ब बल<br>स्थायी ठेगाना : सिन्धुली<br>ना.प्र.नं. : २०-०१-७१-०१६७७ | |
| **नाम : कृष्ण कुमारी पण्डित**<br>बुवाको नाम : चोक ब पण्डित<br>बाजेको नाम : नैन ब पण्डित<br>स्थायी ठेगाना : सिन्धुपाल्चोक | |
| **नाम : सम्बिर तामाङ**<br>बुवाको नाम: पुर्ण ब तामाङ<br>बाजेको नाम : सानु दोर्जे तामाङ<br>स्थायी ठेगाना : रामेछाप<br>ना.प्र.नं. : ७०१३४/२११००५ | |
| **नाम : शान्ति माया घिसिङ**<br>बुवाको नाम : धन ब घिसिङ<br>बाजेको नाम : काजीमान घिसिङ<br>स्थायी ठेगाना : सर्लाही | |
| **नाम : सुक देव सुनार**<br>बुवाको नाम: भरत सुनार<br>बाजेको नाम : भथर सि सुनार<br>स्थायी ठेगाना : कंचनपुर | |
| **नाम : तेज बहादुर थिङ**<br>बुवाको नाम : भीम ब थिङ<br>बाजेको नाम : दल ब थिङ<br>स्थायी ठेगाना : मकवानपुर<br>ना.प्र.नं. : २९/१९६ | |
| **नाम : अर्जुन चाम्लिङ राई**<br>बुवाको नाम : ललित ब राई<br>बाजेको नाम : जय शम्शेर राई<br>स्थायी ठेगाना : उदयपुर | **नाम : दिनेश राई**<br>स्थायी ठेगाना : गो.न.पा ४ |
| **नाम : साहारा राई**<br>बुवाको नाम : पदम राई<br>बाजेको नाम : जित ब गिरी<br>स्थायी ठेगाना : सिन्धुपाल्चोक | **नाम : आमा कमला गिरी** |
| **नाम : तेक ब मोक्तान**<br>बुवाको नाम : धर्म सिं मोक्तान<br>बाजेको नाम : मान सिं मोक्तान<br>स्थायी ठेगाना : मकवानपुर | |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# ओलीलाई युवराज र अष्टलक्ष्मीको कुरीकुरी

एमालेको ११औं महाधिवेशन जारी छ । नयाँ नेतृत्व चयनका लागि भृकुटीमण्डपमा जुटेका प्रतिनिधिहरू भन्छन् – केपी शर्मा ओलीले अब नेतृत्व छाडे हुने । एमाले नेपाली राजनीतिमा शीर्ष दल हो । कांग्रेस, माओवादीसँग एमालेले पालैपालो मिलेर सत्ताको नेतृत्व पनि गरिसकेको छ । यो खेलमा एमाले अध्यक्ष ओली सबैभन्दा अगाडि देखिएका छन् । खासगरी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहालको वरपर नेपालको सत्ता राजनीति घुमिरह्यो । यो कालमा भ्रष्टाचार रकेटको गतिमा बढ्यो भने उही गतिमा निराशा पनि ।

सरकारीस्तरबाट भएका कामसमेत छोपिने गरी तीन शीर्ष नेताको मनपरी बढ्न थाल्यो । जसकारण जेन–जी विद्रोह भयो र ओली नेतृत्वको सरकार गल्र्याम्म ढल्यो । यो विद्रोहको मुख्य सन्देश थियो – यी तीन शीर्ष नेतालाई अब राजनीतिबाट अवकाश दिनुपर्छ । यही म्यान्डेटअनुसार दलहरूमा महाधिवेशनको माग भयो । सबैभन्दा पहिले दाहाल नेतृत्वको दल माओवादीले महाधिवेशनको घोषणा गरेको थियो । तर अहिले दाहाल एकताको नाटक मञ्चन गरेर महाधिवेशनको मिति घर्किसक्दा पनि नेतृत्वमै बसिरहेका छन् । आलटाल गर्दै महाधिवेशनका मिति पुससम्म धकेल्न सफल देउवा चुपचाप छन् । यता ओली ११ वर्ष अध्यक्ष बनेर फेरि नेतृत्वमा आउने जबर्जस्त तयारी गर्दैछन् ।

यस्तो अवस्थामा नेतृत्व पुगेपछि लाजै लागेर होला १०औं महाधिवेशनबाट चुनेको केन्द्रीय कमिटीको बैठकमा उपाध्यक्षद्वय युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यले अवकाश लिने निर्णय सुनाए । यी दुई नेताको इमान देखेर एमालेमा अरु नेताले पनि धमाधम दलको राजनीति छाड्ने घोषणा गरेका छन् । यसरी राजनीति छाड्ने घोषणा गरेका अर्को नेतामा अनुशासन आयोगका अध्यक्ष केशव बडाल हुन् ।

त्यसैगरी पोलिटब्युरो सदस्य दलबहादुर राना, केन्द्रीय सदस्य ईश्वरी जिएम, भीम केसी र म्याग्दीका भूपेन्द्रबहादुर थापाले पनि एमालेको सक्रिय राजनीतिबाट बिदा लिने घोषणा गरेका छन् । खासमा यी नेताहरूले एमालेको राजनीति छाड्नुको मुख्य कारण ओलीको जिद्दीपन भएको बुझ्न कुनै किताब पल्टाइरहनुपर्दैन । विद्रोहले दिएको सन्देश र परिवर्तित समयको मागलाई सम्बोधन गर्न नसकेको ओलीले एमालेलाई अब कुन तहमा पुऱ्याउँला त्यो त आगामी निर्वाचनमा देखिनेछ नै । तर त्याग र इमानको राजनीतिमा भने ओली चुकेका छन् । युवराज र अष्टलक्ष्मीहरूको त्यागले ओलीलाई सांकेतिक रूपमा कुरीकुरी भने अवश्य गरेकै छ ।

# एनपिएल क्रिकेट: नेपाली खेलकुदको ‘ब्राण्ड’



राजु सिलवाल

मुलुकमा राजनीतिक परिवर्तनपछि अन्योलपूर्ण अवस्थामा पनि विनाकुनै व्यावधान सफलतापूर्वक प्रतियोगिता सम्पन्न हुनु उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । सरकारको प्राथमिकतामा रहेर वर्षामा पनि निरन्तर निर्माण कार्य जारी राख्दै फ्लडलाइट जडान गरी पहिलोपटक रातिको समयमा खेल सञ्चालन गर्नु, १०औं हजार दर्शकलाई बस्ने सिटको व्यवस्था हुनु एनपिएल सफलताका उदाहरण हुन् ।

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको दोस्रो संस्करणको समापनसँगै यसले नेपाली फ्रेञ्चाइज क्रिकेटलाई मुलुककै महत्त्वपूर्ण प्रतियोगिताका रूपमा स्थापित गरेको छ । नेपाल क्रिकेट संघ (क्यान)द्वारा आयोजित करिब एक महिना लामो प्रतिस्पर्धाले नेपाली क्रिकेट मनोरञ्जनको माध्यममात्र नभई व्यावसायिकतातर्फ उन्मुख भएको सन्देश दिन सफल भएको छ ।

मुलुकमा राजनीतिक परिवर्तनपछि अन्योलपूर्ण अवस्थामा पनि विनाकुनै व्यावधान सफलतापूर्वक प्रतियोगिता सम्पन्न हुनु उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । सरकारको प्राथमिकतामा रहेर वर्षामा पनि निरन्तर निर्माण कार्य जारी राख्दै फ्लडलाइट जडान गरी पहिलोपटक रातिको समयमा खेल सञ्चालन गर्नु, १०औं हजार दर्शकलाई बस्ने सिटको व्यवस्था हुनु एनपिएल सफलताका उदाहरण हुन् ।

यस्तै, निजी क्षेत्रले करोडौं रूपैयाँ लगानी गर्दै अन्तर्राष्ट्रिय ख्यातिप्राप्त खेलाडीलाई आ-आफ्ना टिममा समावेश गरेकाले नै नेपाल तथा विश्वकै क्रिकेटप्रेमीले रोमाञ्चकारी प्रतिस्पर्धाबाट लाभान्वित हुने अवसर पाएका छन् । प्रत्यक्षरूपमै लाखौं दर्शकको आकर्षण देखिएपछि भर्खरै निर्माण तथा मर्मतसम्भार गरिएको कीर्तिपुर रंगशाला नै अब सानो भएको महसुस गराउन सफल एनपिएलले अब दीर्घकालीनरूपमा नेपाली खेलकुदकै ठूलो ब्राण्डका रूपमा स्थापित हुने स्पष्ट संकेत गरेको छ ।

## एकपक्षीय फाइनल

गत वर्ष एनपिएल क्रिकेटको पहिलो संस्करणका बेला लुम्बिनी टिम सहभागी टिमहरूमध्ये सबैभन्दा पुछारमा पुगेपछि कप्तान रोहित पौडेलको आलोचना हुँदै आइरहेको थियो । कतिपयले उनलाई राष्ट्रिय टिमको कप्तानको जिम्मेवारीबाटसमेत हटाउनुपर्नेजस्ता आवाज उठाउने गरेका थिए । तर एनपिएल क्रिकेटको दोस्रो प्रतियोगितामा उनले प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी बनेर कार, मोटरसाइकल पाउनुका साथै विजेता ट्रफी उचालेर सशक्त कप्तानका रूपमा इतिहास रच्न सफलता प्राप्त गरेका छन् । शनिबार भएको फाइनलमा एकपक्षीय खेल बनाउन कप्तान रोहित नेतृत्वको लुम्बिनी लायन्स टिमले सफलता पाएको थियो ।

यसपालि संयोगले फाइनलमा नेपाली राष्ट्रिय टिमका कप्तान र उपकप्तानबीचको भिडन्त थियो । नेपाली राष्ट्रिय टिमका कप्तान रोहितको नेतृत्वमा रहेको लुम्बिनी लायन्स टिमले उपकप्तान दीपेन्द्रसिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिम रोयल्सको टिमलाई ६६ बल बाँकी रहँदै छ विकेटले पराजित गर्दै उपाधि जितेको थियो ।

गत वर्षको उपविजेता सुदूरपश्चिमाञ्चलले यसपालि लिग चरणमा सशक्त खेल प्रदर्शन गर्दै लगातार छ खेल जितेपछि उच्च मनोबलमा देखिएको थियो । गत वर्षको विजेता जनकपुर बोल्डस टिम लिग चरणबाटै बाहिरिएपछि नयाँ उपाधि जित्ने होडमा सुदूरपश्चिम रहेको थियो । लुम्बिनी प्रदेशलाई समेत सात विकेटले पराजित गरिसकेकाले आत्तिनुपर्ने स्थिति थिएन । तर एनपिएलको फाइनलमा लगातार दोस्रोपटक पुग्न सफल सुदूरपश्चिमले टस जितेर ब्याटिङ गर्नु नै घातकसिद्ध हुन पुग्यो । उक्त टिमलाई जित्नैपर्ने दबाब थियो तर ब्याटिङमा संयमता हुन सकेन । लगातार नौ विकेट गुम्नु पीडादायी थियो । यता लुम्बिनी भने कुनै दबाबविना फाइनलमा उत्रेको थियो । लुम्बिनीले प्रत्येक खेलमा सुधार गर्दै विजयीको भागीदार बन्न पुगेको मान्न सकिन्छ ।

फाइनल खेललाई प्रतिस्पर्धात्मक भएको दर्शकले देख्न पाएनन् । सुदूरपश्चिमले १०० रन पनि बनाउन नसकी लुम्बिनीलाई ८६ रनको सामान्य चुनौती दिनु भनेको अत्यन्त कमजोर प्रदर्शन मान्नुपर्छ तर लुम्बिनीले भने ३६ बल बाँकी रहँदै सहजै छ विकेटले उपाधि हात पार्न पुग्यो । अन्य खेलमाझैं फाइनलमा पनि छक्काको वर्षा भएको थियो तर एकपक्षीय रूपमा । लुम्बिनीका लागि विष्फोटक ब्याट्सम्यान दिनेश अधिकारीले गरेको चारवटा छक्कासहित बनाएको ४२ रनले टिमलाई छिटो विजय नजिक लगेको थियो । खेलको अवस्था हेर्दा लुम्बिनीलाई छिटो खेल समाप्त गरी ट्रफी उचाल्ने हतार भइरहेको महसुस हुन्थ्यो ।

## करोडौंको पुरस्कार

एनपिएल क्रिकेटका सहभागी खेलाडीहरूका लागि ठूलो लागतको पुरस्कार पनि प्रमुख आकर्षण बन्दै आइरहेको छ । विभिन्न विधाका खेलाडीको प्रोत्साहनका लागि धेरै पुरस्कारका लागि निजी क्षेत्रले प्रायोजन जुटाएर आयोजकलाई सहयोग गरिरहेको छ । यसपटक पनि एपिएलमा विजेता टिम र उत्कृष्ट खेलाडीलाई करोडौं रूपैयाँ पुरस्कार प्रदान गरियो । विजेता टिम लुम्बिनीले एक करोड १० लाख रूपैयाँ पुरस्कार प्राप्त गरेको छ । दोस्रो भएको सुदूरपश्चिम टिमले ५१ लाख, तेस्रो टोली विराटनगर किंग्सले २५ लाख तथा चौथो टोली काठमाडौं गोर्खाजले १५ लाख रूपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।

यसबाहेक खेलाडीले पनि व्यक्तिगतरूपमा ५० औं लाख पुरस्कार पाए । लुम्बिनीका कप्तान रोहित पौडेलले कार र मोटरसाइकल पाए । साथै विराटनगरका सन्दिप लामिछाने, लुम्बिनीका शेर मल्लले मोटरसाइकल पुरस्कार पाए । अन्य स्वदेशी तथा विदेशी खेलाडीहरूले विभिन्न विधामा नगद पुरस्कार प्राप्त गरे । खेलाडीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिसमेत प्रदान गरिएको थियो ।

## प्रतिस्पर्धात्मक स्तर

यस सिजनको एनपिएलले प्रभाव पारेको महत्त्वपूर्ण विषय हो प्रतिस्पर्धात्मक स्तर । यसपालि अधिकांश खेल अन्तिम ओभरसम्म रोचक बनेका थिए । सहभागी टिमले अन्तिम समयसम्म गरेको प्रयासले खेलको स्तरलाई प्रतिस्पर्धात्मक बनाएको थियो । स्वदेशी तथा विदेशी खेलाडीको सम्मिश्रण भएका टिमहरूबीच भएको प्रतिस्पर्धाबाट दर्शकहरूले स्तरीय खेल हेर्ने अवसर पाएका थिए । विभिन्न देशबाट आएका अन्तर्राष्ट्रिय खेलाडीहरूको खेलमा प्रभाव देखिनुका साथै घरेलु खेलाडीहरूको प्रयासले प्रतियोगिताको गुणस्तरलाई केही हदसम्म उठाउन सहयोगीको भूमिका खेलेको थियो । यसबाट नेपाली खेलाडीहरूको स्तर तथा आत्मविश्वास विगतको तुलना बढेको महसुस गरिएको छ ।

## दर्शकहरूको उत्साह

एनपिएलको प्रमुख विशेषता भनेकै दर्शकको उपस्थिति हुन पुग्यो । विगतका वर्षहरूदेखि नै विभिन्न मुलुकमा नेपाली राष्ट्रिय टिमको खेल भएका बेला नेपाली दर्शकहरूको ठूलो संख्यामा उपस्थितिलाई विश्व क्रिकेट जगतले प्रशंसा गर्दै आइरहको छ । नेपालका विभिन्न जिल्लाबाट दर्शकहरू एनपिएल क्रिकेट हेर्न काठमाडौं आएका थिए । हरेक म्याचमा दर्शकको भव्य उपस्थितिले खेलमा विशेष रौनक ल्याउन सफल भएको थियो । बालबालिकादेखि पाका उमेरका दर्शक खेलमा उपस्थिति हुने गरेको, सहभागी टिमको जर्सी, राष्ट्रिय झण्डा तथा क्लबका झण्डाहरूसहित दर्शकहरूको आगमनले राष्ट्रिय एकताको भावनालाई अझ सुदृढ बनाएको पाइएको छ । टेलिभिजनको प्रत्यक्ष प्रसारण तथा डिजिटल फर्म्याटमार्फत संसारको विभिन्न कुनामा बसेका नेपालीका साथै क्रिकेटप्रेमी विश्वमाझ जोडिन पुग्दा क्रिकेटको प्रभाव अझ विस्तार हुन पुगेको छ ।

## टिकटको उच्च माग

एनपिएल क्रिकेटका टिकट खेल अगाडि नै सकिनु यो प्रतियोगिताप्रति खेलप्रेमीहरूको अत्यधिक आकर्षण भएको मान्न सकिन्छ । क्रिकेटका खेल हेर्न दर्शकहरू निक्कै आतुर रहेका थिए । कीर्तिपुर रंगशालामा दिनहुँजसो भीड देखिन्थ्यो । विभिन्न खेलका बेला अनलाइनमा सम्पूर्ण टिकट बिक्री भई ‘सोल्ड आउट’ भइसकेको जानकारी आयोजकहरूले दिए पनि खेलका बेला प्याराफिटका रंगीन सिटहरू खाली भएको देखिन्थ्यो । यसरी टिकट बिक्री भए पनि सिट खाली भएको स्थिति कसरी उत्पन्न भएको थियो तथा टिकटको कालोबजारी भएको भन्ने जनगुनासोबारे क्यानले छानबिन गर्न जरुरी मानिएको छ । प्रतियोगिताको अन्तिम घडीमा क्यानले एक्कासि टिकटको मूल्य बढाउनु पनि उचित थिएन ।

## हेलिकप्टर यात्रा

एनपिएलका क्रममा नेपाल आएका विभिन्न अन्तर ाष्ट्रिय खेलाडीले नेपालमा गरेको विभिन्न भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ । विराटनगर किंग्स टिमका तर्फबाट खेलेका अन्तर्राष्ट्रिय खेलाडीहरूले सेमिफाइनलबाट टिम बाहिरिएपछि हेलिकप्टरबाट सगरमाथा क्षेत्रको भ्रमण गरेका थिए । अतिथि खेलाडी मार्टिन गुप्टिल, फाफ डु प्लेसिस र मर्चेण्ट डे लांगेले नेपालको क्रिकेटका साथै नेपालको प्राकृतिक सौन्दर्यको पनि प्रत्यक्ष अनुभव गरेका छन् । उनीहरूले हिमाली क्षेत्रमा खिचेको फोटोका माध्यमबाट नेपालको विश्वमा प्रचार भएको छ । अन्य टिमका खेलाडी, अफिसियल तथा अन्य अतिथिहरूले पनि नेपालको प्राकृतिक सौन्दर्यबाट प्रभावित भएको धारणा व्यक्त गरेका छन् ।

## क्रिकेटप्रेमीका प्रिय

एनपिएल क्रिकेटको फाइनलको दिन क्रिकेट कमेन्टेटर एण्ड्र्यु लियोनार्ड नेपाली राष्ट्रिय पोसाक दौरा सुरुवालमा सजिएर कीर्तिपुर रंगशालामा बोलिरहेका थिए । अन्य कमेन्टेटरले भने ढाका टोपी लगाएका थिए । केही वर्षदेखि कमेन्टेटर एण्ड्र्युको लोकप्रियता नेपाली क्रिकेटप्रेमीमाझ बढ्दो छ । नेपालको मित्रका रूपमा परिचय बनाएका आयरल्याण्डका पूर्वक्रिकेटर एण्ड्र्यु सन् २०१८ मा एभरेस्ट प्रिमियर लिगमा टेलिभिजन कमेण्ट्रीका लागि पहिलोपटक नेपाल आएका थिए । त्यसपछि विभिन्न पटक नेपाल आएका उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा उद्घोषण गर्दा नेपालको क्रिकेटका साथै समग्र नेपालको खुलेर प्रशंसा गर्दै विश्वमा नेपालको प्रचारप्रसारका लागि योगदान गर्दै आएका छन् ।

यसपालि कीर्तिपुर रंगशालामा खेल हेर्न गएका दर्शकहरूमध्ये केहीले उनकै मुखाकृति झल्कने मुखुण्डोसमेत लगाएर आएको देखिएको थियो । उनी प्रत्यक्ष प्रसारणका क्रममा बोलिरहँदा उनको ठूलो आकारको तस्बिर तथा ब्यानर देखेपछि भावुक हुन पुगेका थिए ।

## पहिलोपटक क्रिकेट एकेडेमी

गत वर्षको विजेता जनकपुर बोल्टस टिमले यसपालि उचित नतिजा हासिल गर्न नसके पनि क्रिकेट प्रशिक्षणको निरन्तरताका लागि सक्रिय रहने भएको छ । एनपिएल क्रिकेटमा सहभागी आठ टिममध्ये पहिलोपटक जनकपुर बोल्ट्स टिमले जेबी क्रिकेट एकेडेमीको घोषणा गरी क्रिकेट प्रशिक्षण सञ्चालन गर्ने भएको छ । एकेडेमीले मधेस-प्रदेशका स्थानीय खेलाडीलाई प्रशिक्षण दिने लक्ष्य राखेको छ । यसबाट आगामी दिनमा नयाँ प्रतिभाका लागि अवसरको ढोका खुल्न जाने अपेक्षा गरिएको छ ।

अन्त्यमा, एनपिएल क्रिकेटको समाप्ति सँगसँगै यस सिजनमा देखिएका चुनौतीलाई भविष्यमा अझ व्यवस्थित बनाउँदै विश्वस्तरीय फ्रेञ्चाइज क्रिकेटको बाटोतर्फ अघि बढ्नु जरुरी मानिएको छ । दर्शकहरूको व्यापक समर्थनले यो अब लिग अब नेपालमा मात्र नभई क्षेत्रीय बजारमै पनि प्रतिस्पर्धी हुनसक्ने संकेत मिलेको छ । क्यानको अबको महत्त्वपूर्ण जिम्मेवारी भनेको आर्थिक विश्वसनीयतालाई प्रमुख प्राथमिकता दिनु हो । एनपिएलका आम्दानी तथा खर्चको सम्पूर्ण विवरण सार्वजनिक गरेर पारदर्शिता कायम गर्नु जरुरी देखिएको छ ।

यसैगरी, यस प्रतियोगिताका क्रममा उत्कृष्ट खेल प्रदर्शन गरेका प्रतिभाहरूलाई आगामी विश्वकपका लागि छनोट गरिने नेपाली टिममा समावेश गरी राष्ट्रिय टिम अझ बलियो बनाउन अग्रसरता देखाउनुपर्ने आवश्यकता महसुस गरिएको छ । एनपिएलमा राम्रो प्रदर्शन गरेका विनोद भण्डारी, शेर मल्ल, बसिर अहमदलगायतका खेलाडीलाई राष्ट्रिय टिममा समेट्न सकिएको खण्डमा आगामी टि-ट्वान्टी विश्वकपमा नेपाललाई फाइदा हुने देखिन्छ । नेपाललाई टेस्ट म्याच खेल्ने राष्ट्रको सूचीमा समावेश गर्न आगामी दिनमा सुधारका प्रयास जारी राख्नुपर्छ । यसैगरी, एनपिएलको दुई संस्करणको समाप्तिपछि अब आगामी वर्ष तेस्रो संस्करण राजधानी काठमाडौं बाहिर पनि विस्तार गर्न क्यान व्यवस्थापनको सक्रियता अपेक्षित मानिएको छ । *रासस*

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

पाठक मञ्च

## देशलाई सिस्टममा ल्याउन सरकारले चाल्नुपर्ने कदम

अमेरिका, अस्ट्रेलियालगायत विकसित मुलुकहरूमा जग्गाको स्वामित्व राज्यलाई दिइएको हुन्छ । त्यहाँ हरेक व्यक्तिले आफ्नो आम्दानी र खर्चको विवरण राज्यलाई बुझाउनुपर्छ । आफूले कमाएको सम्पत्तिको स्रोत र कर तिरेको प्रमाण देखाउन नसकेमा सो सम्पत्ति राष्ट्रियकरण हुनुका साथै सम्बन्धित व्यक्तिलाई सजाय हुन्छ ।

विकसित मुलुकहरूमा १८ वर्ष पुगेपछि अभिभावकसँग बस्न पाइँदैन । अलग्गै बस्नुपर्छ र काम गर्दै पढ्नुपर्छ । चाहे अभिभावक जतिसुकै धनी होउन्, सन्तानले काम गर्नैपर्छ । यसरी उसले ६५ वर्षसम्म काम गर्दछ । त्यसपछि उसको हेरचाह सम्बन्धित परिवारले चाहेमा परिवार नभए राज्यले नै गर्छ । र, उसले जीवनभर कमाएको सम्पत्ति आफ्नो सन्तति वा आफन्तलाई दिने मञ्जुरी गरेमा सोहीको हुन्छ त मञ्जुरी नदिएमा स्वतः राज्यको हुन्छ । विकसित मुलुकहरूमा बैंकमा पैसा राखेमा ब्याज तिर्नुपर्छ । त्यहाँ सरकारी कर्मचारीलाई कुनै सेवासुविधा दिइँदैन । उनीहरूलाई मासिक होइन, घण्टाको हिसाबले तलब दिइन्छ । र, अवकाशपछि पेन्सन दिइँदैन ।

तर हाम्रोमा यी सबैको उल्टो छ । यहाँ जग्गाको स्वामित्व जनतालाई दिइएको छ । जसको जग्गा हो, उसले जुनसुकै बेला किनबेच गर्न सक्छ । आम्दानी र खर्चको हिसाबकिताब सरकारले नागरि कसँग खोज्दैन । यसले राजस्व छल्ने, अरुलाई ठग्ने वा लुटेर सम्पत्ति जोड्ने बढ्दै गएका छन् । हामीकहाँ १८ वर्षदेखि ७० वर्षसम्मका व्यक्तिहरू गफमा व्यस्त देखिन्छन् । आमाबुबाले भ्रष्टाचार गरेर, राजस्व छलेर सात पुस्तालाई पुग्ने सम्पत्ति कमाउँछन्, अनि छोराछोरी कामै नगरी जीवन कटाउँछन् । हाम्रो कानुनअनुसार कोही व्यक्तिको निधन भएमा उसको सम्पत्ति स्वतः सन्तान वा हकदाबीको नाममा जान्छ ।

अर्को कुरा सरकारी कर्मचारीलाई मासिकरूपमा तलब दिइन्छ । उनीहरूका सेवासुविधा मात्र अनेकौं हुन्छ । भ्रष्टाचार नगर्ने कर्मचारी भेट्न महामुस्किल छ । सरकारी सेवाको निकै तल्लो तहमा जागिर खाएको पाँच वर्ष नबित्दै कर्मचारीहरू करोडौंको जग्गा किनेर करोडौं खर्च गरी घर ठडाउँछन् । अनि तलबले मात्र त्यो सम्भव भयो त ?

मासिक ३० हजार रूपैयाँ तलबले घर खर्च टार्ने अनि छोराछोरी पढाउने कि घर बनाउने ? आफैं सोचौं । हरेक कर्मचारीले महलजस्तो घर बनाएका छन् । उनीहरूको रहनसहन पहिलेका राजाजस्तो देखिन्छ । अनि त्यति तलबले त्यो सम्भव छ त ? कर्मचारीहरूले भ्रष्टाचार गरेर अकुत सम्पत्ति जोडेका छन् । तर, सरकार कारबाही गर्न सक्दैन । अर्को कुरा, हामीकहाँ कर्मचारी अवकाशमा जाने र त्यसपछि पेन्सन दिने व्यवस्था छ । जसका कारण राज्यलाई खर्बौंको नोक्सानी हुँदै आएको छ ।

सेवामा रहुञ्जेल त काम नगरेर राज्यलाई लुट्छन्, अवकाशपछिसमेत राज्यको ढुकुटी लुटिन्छ । कर्मचारीदेखि व्यवसायी, सर्वसाधारणसम्मले अकुत सम्पत्ति जोडेका छन् । राजस्व छलेर । यहाँ एउटै व्यक्तिको पाँचदेखि ६७ वटासम्म महलजस्तो घर भेटिन्छ । यद्यपि, सरकार त्यो घर कुन पैसाले बनाइएको हो ? कसरी पैसा ल्याइयो ? घर भाडामा लगाएर राजस्व तिरेको छ कि छैन ? भनेर खोजतलास गर्दैन ।

जसले जे गरे पनि राज्य मतलब गर्दैन । जसका कारण यहाँ भ्रष्टाचार गर्ने, राजस्व छल्ने, ठग्ने, लुट्नेहरूको बिगबिगी भयो । कुनै पनि देश विकसित हुनुको पछाडि एउटै मुख्य कारण हुन्छ, राज्य बलियो र कडा हुनु । राज्यले नागरिकका हरेक कुरामा चासो लिएपछि त्यो देश विकासतर्फ मोडिन्छ ।

– **रुषा थापा**, भक्तपुर

# स्वाभिमान र मिहेनतको जिउँदो कथा

## ६५ वर्षका ऐरको ठेला व्यवसाय



**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-१० झलारी बजारतिर बिहानै जानेहरूलाई एउटा परिचित दृश्य कहिल्यै छुट्दैन- सडक छेउमा अडिएको ठेला, अनि त्यसलाई सम्हाल्दै बसेका करनबहादुर ऐर । ६५ वर्ष नाघ्नै लागेका उनका आँखामा थकानभन्दा पनि दैनिकी चलाउने दृढता धेरै देखिन्छ ।

उज्यालो फाट्दै गर्दा चार किलोमिटर टाढाको घरबाट पैदल हिँड्दै झलारी बजार आइपुग्छन् । बजारमा उनलाई धेरैले नामलेभन्दा पनि मिहेनतले चिन्छन् । ठेलामा सजाइएका थरिथरिका फलफूल, खेलौना, बिस्कुट, चाउचाउ, कुरकुरे, बदामलगायत सामान धेरै छैनन्, तर ऐरका लागि ती नै परिवार धान्ने आधार हुन् । दशकअघिदेखि सुरु गरिएको यो व्यापार अहिले स्थिर आयस्रोत बनेको छ । करिब २० हजार रूपैयाँ लगानीबाट चलेको ठेलाले उनलाई दैनिक एक हजारदेखि एक हजार ५०० रूपैयाँसम्म कमाइ दिन्छ । सडक छेउकै ठेला भएकाले सवारीसाधनका चालक, परिचालक, सडकमा हिँड्ने यात्रु उनका ग्राहकका रूपमा रहने गर्दछन् ।

'ठेलाको कमाइ घर खर्च, लत्ताकपडा, औषधोपचारलगायत लागि पुग्छ,' उनी भन्छन्, 'पाखुरी चल्दासम्म अरुको भर पर्नुपरेको छैन, जति कमाइ हुन्छ त्यसबाट घर चलेको छ, अरूकहाँ हात पसार्नु मन पर्दैन ।' ऐरका दुई छोरा भए पनि उनको आफ्नै काम छ । छोराहरूको कमाइमा भने ऐर दम्पतीले अहिलेसम्म भर पर्नुपरेको छैन ।

उमेर पुगेका धेरै मानिसले विश्राम खोज्ने बेला, छोराबुहारीको भर पर्नुपर्ने समयमा ऐर भने आफ्नै पौरखमा बाँच्दै आएका छन् । व्यवसायमा उनको सबैभन्दा ठूलो सहाराका रूपमा श्रीमती रहेकी छन् । 'दुई जनाले मिलेर चलाउँछौं, यसैमा घर सजिलै चल्छ,' उनी भन्छन् ।

ठेलामा समान बेच्नेमात्र नभई ऐर गाउँका पुराना अगुवा पनि हुन् । तत्कालीन झलारी गाउँविकास समितिका वडाध्यक्ष, नगरपालिका गठनपछि वडा सदस्य, अनि असिग्राम माध्यमिक विद्यालयमा व्यवस्थापन समितिका अध्यक्ष भएर कार्य गरेका यी सबै भूमिका उनका समाजसेवा र नेतृत्वका प्रमाणका रूपमा रहेका छन् । जीवनका सबैभन्दा ऊर्जाशील वर्षहरू उनले समुदायका काममा खर्चिएका छन् । 'समाजका लागि सकेजति गरेँ,' उनी भन्छन्, 'अब बाँकी जीवनका लागि आफैंले केही गर्नुपर्छ ।' झलारी बजारमा आवतजावत गर्ने जोकोही पनि उनको अनुशासन, समयपालन र ग्राहकसँगको व्यवहारबाट प्रभावित हुन्छ ।

उनी चर्को आवाजमा बोल्दैनन् । उनको विनम्र व्यवहारले धेरैलाई आकर्षित गर्छ । उनलाई धेरैजसोले सभापति भनेर पनि चिन्ने गर्दछन् । सभापतिज्यू, भनेपछि मुस्कुराएर विनम्र स्वरमा बोल्ने बानीले सबैले उनको आदर गर्ने गर्दछन् । जब साँझ पर्छ बजार सुस्ताउँदै जान्छ । नजिकैका पसल र होटलमा बत्ती बल्न थाल्छन् । त्यही बेला ऐर आफ्नो ठेलामा भएका समान समेटेर नजिकका पसलमा राखेर घर फर्कन्छन् । त्यो प्रक्रिया दैनिक दोहोरिरहन्छ । *रासस*

# स्तरोन्नतिपछि जग्गा अभावले प्रदेश अस्पतालको संरचना निर्माणमा समस्या

**दमौली (तनहुँ)–** सदरमुकाम दमौलीमा अवस्थित प्रदेश अस्पताल ५० शयचामा स्तरोन्नति भएपछि जग्गा अभावमा संरचना निर्माणमा समस्या भएको छ । गण्डकी प्रदेश सरकारको गत जेठमा बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश अस्पताललाई स्तरोन्नति गर्ने निर्णय गरेको थियो । अस्पताल ५० शयचामा स्तरोन्नति भए पनि संरचना निर्माणमा जग्गा अभाव भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विश्वबन्धु बगालेले जानकारी दिए ।

डा. बगालेले ५० शयचामा स्तरोन्नति भएसँगै अस्पतालमा आठ विशेषज्ञ चिकित्सकको दरबन्दी स्वीकृत भएको जानकारी दिए । उनले भने, 'विगतमा १५ शयचाको अस्पताल हुँदा विशेषज्ञ डाक्टरको परिकल्पना गरिएको थिएन, ५० शयचामा स्तरोन्नति भएपछि विशेषज्ञ डाक्टरको दरबन्दी कायम भएको छ, त्यो कुनै न कुनै दिन परिपूर्ति हुने छ ।' डा. बगालेले गण्डकी प्रदेशमा १०० विशेषज्ञ चिकित्सक थप्ने निर्णय भएको जानकारी दिँदै भने, 'नर्सिङ स्टाफ पनि १०० भन्दा बढी दरबन्दी थपिएको छ, फार्मेसी र ल्याबको पनि दरबन्दी थपिएको छ ।'

सात-आठ वर्षदेखि हुन नसकेको निर्णय वर्तमान सरकारले गरेको भन्दै उनले थपे, '५० शयचामा स्तरोन्नति भएको यो काम अब घट्ने कुरा भएन, पेचिलो काम थियो, तर हामीले टुंग्याएका छौं, पद दर्ताको काम अन्तिम चरणमा पुगिसकेको छ ।' जेठको अन्तिम ताका भएकाले यो वर्ष बजेट विनियोजन गर्न नसकिएको बताउँदै डा. बगालेले भने, 'चाँडै गर्न पाएको भए यसै वर्ष विज्ञापन खुलाएर नियुक्ति गर्ने प्रक्रिया अगाडि बढिसक्थ्यो ।'

गत वर्ष नै विस्तृत परियोजना प्रतिवेदन टुंगिएको भए केही न बजेट व्यवस्थापन गरेर निर्माणको प्रक्रियामा जानसक्ने उनले जानकारी दिए । अस्पतालका नाममा थप जग्गा व्यवस्थापन हुन सकेका खण्डमा भवन निर्माण गर्न बजेट व्यवस्थापनका लागि सहज हुने उनको भनाइ छ ।

उनले भने, 'कागजी हिसाबमा अस्पतालको जग्गा छैन, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय हुँदा विस्तृत परियोजना प्रतिवेदन भए पनि त्यो अपूर्ण भएकाले टुंगिएको छैन ।'

पृथ्वीराजमार्गमा रहेको र सेवाग्राहीको चाप बढी भएका कारण दमौली अस्पतालको स्तरोन्नतिको कामलाई सरकारले प्राथमिकतामा राखेको उनको भनाइ छ । वि.सं. २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र वि.सं. २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यो अस्पताल वि.सं. २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो ।

अस्पतालमा फोहोर पानीको व्यवस्थापन, फोहोरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्यधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियू कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्स-रे, निःशुल्क औषधि कक्षलगायत सेवा विस्तार भइसकेको छ । साथै, शव राख्नका लागि दुई तह भएका दुई मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ ।

अस्पतालले आकस्मिक सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलाइसिस सेवासमेत प्रदान गर्दै आइरहेको अस्पताल प्रमुख डा. परिवर्तन बरालले जानकारी दिए । यहाँबाट प्रदान गरिने सेवालाई सहज बनाउन विभिन्न विशेषज्ञ चिकित्सक थप भएको अस्पतालका प्रमुख डा. बरालले बताए । उनका अनुसार हाडजोर्नी तथा नशारोग विशेषज्ञ, प्रसूति तथा स्त्रीरोग विशेषज्ञ, पेट, मुटु तथा छातीरोग विशेषज्ञ (फिजिसियन), बालरोग विशेषज्ञ थप गरिएको छ ।

विशेषज्ञ सेवा लिनका लागि यसअघि पोखरा, भरतपुर, काठमाडौं जानुपर्ने बाध्यता रहेकामा दमौली तथा आसपासका सर्वसाधारणले दमौली अस्पतालबाट उक्त सेवा लिनसक्ने बरालको भनाइ छ । अस्पतालमा प्रत्येक मंगलबार र बिहीबार रेडियोलोजिस्ट सेवासमेत प्रदान भइरहेको छ । अस्पतालले आव २०८१/८२ मा एक लाख सात हजार ९८३ जनालाई सेवा दिएको थियो । त्यस्तै, आव २०८०/८१ मा ९८ हजार ३५६ जनाले सेवा लिएका थिए । आव २०७९/८० मा अस्पतालले ७३ हजार २५३ लाई सेवा दिएको थियो । आव २०७८/७९ मा ६४ हजार ५९४ लाई सेवा दिएको तथ्यांक छ । *रासस*

# वीरगञ्ज महानगरले हटायो बिपी उद्यान अतिक्रमण गर्ने पसल



**पर्सा (प्रस)–** वीरगञ्ज महानगरपालिकाले घण्टाघर चोकसँगै रहेको बिपी उद्यान अतिक्रमण गरेर अस्थायीरूपमा सञ्चालन हुँदै आएका पसल हटाएको छ ।

मुख्य सहरमा रहेका फलफूल, तरकारी तथा अन्य पसल हटाएर उद्यानलाई थप व्यवस्थित गर्न लागेको महानगर प्रमुख राजेशमान सिंहले बताए । उनले घण्टाघरसँगै रहेको उद्यानको फलफूल, तरकारी तथा अन्य अस्थायी पसल राखेर अव्यवस्थित भएकाले तिनलाई हटाएर पार्क निर्माण गर्न लागिएको बताए ।

'अव्यवस्थित बजारलाई आज (आइतबार) बिहान एक्साभेटर लगाएर हटाउने काम गरेका छौं । यहाँ व्यापार गर्दै आएकाहरूले सरसमान हटाउने काम गरिरहेका छन्,' महानगर प्रमुख सिंहले भने ।

यहाँ अस्थायी घरटहरा, तरकारी, फलफूल तथा कपडा पसल र विभिन्न खानाका स्टल गरी करिब २५० भन्दा बढीले व्यापार गरिरहेका थिए । महानगर प्रमुख सिंहले अब करिब ७० करोड रूपैयाँ रकम खर्चेर सुन्दर र हरियाली पार्क बनाउने योजना अघि बढाउने बताए । यहाँबाट हटाइएकाहरूका लागि छपकैयाँस्थित रेल्वे सडकमा आवश्यक संरचना तयार गरिएको उनले जानकारी दिए । आइतबार बिहानैदेखि नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरीको बाक्लो उपस्थितिमा बजार खाली गराइएको हो ।


## तु-आवश्यकता

यस प्रतिष्ठित कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Receptionist 1 (Female) 2. Documentation 1 (Female)

नोटः + 2 Pass, Photoshop सम्बन्धी कम्प्युटरमा ज्ञान भएको, अङ्ग्रेजी राम्रोसँग लेख्न, बोल्न सक्ने हुनुपर्नेछ । अनुभव प्राप्त व्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

तलव : आपसी समझदारीमा

S.And S.Human Resource Pvt. Ltd.

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287, Mobile No.9849038785

Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com

श्रम ईजाजत नं. १२३८/०७४/०७५


## Tripura Secondary School

### Jagdulla Rural Municipality -2 Dolpa

Karnali Province

### Letter of Intent

**Date of Publication: 2082/08/29 (15th Dec 2025)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that we are going to award following contracts as per, IFB No: 1-2082/083 published on Prabhav National Daily published on 2082/07/24, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Name Of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Without VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | JRM/NCB/ Tripura/W-1/2082-83 | Tripura Secondary School Fencing And Toilet Construction work | D.K.S Mult builders Pvt.Ltd , Dolpa | 4215841.75 |

**Principal**

## Itahari Sub-Metropolitan City

## Office of the Municipal Executive

### Itahari, Sunsari

### Invitation for Bids

**First Date of Publication:2082/08/29 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount Without Vat NRs | Average Annual Construction Turnover | Minimum Work experience of similar size and nature | Bid Price Nrs | Bid Security Period/Bid Validity Period | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/ 8W/082/083 | Construction of Boys and Girls Hostel in Janata Multiple Campus, Itahari-5, Sunsari | N/A | 4,35,00,000.00 | 1,74,00,000.00 (one building construction works) | 5,000.00 | 90/120 days | 11,00,000.00 | Single Stage Double Envelope |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the tender notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

## काठ शिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/०८/२९ गते**

माईभ्याली सा.व.उ.स., इलाम न.पा. ११ इलामको वनवाट विभिन्न मितिमा उत्पादन भई समूहको घाटगढीमा लट बनाई राखिएका काठहरू डि.व.का. इलामको लिलाम सहमती अनुसार साल गोलिया थान ८६ को ७७८.८५ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धी कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री माईभ्याली सा.व.उ.स./ इलाम न.पा. ११ इलाम**

## म्याग्दी हाइड्रोपावर लिमिटेड

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८२/०८/२९)*

**शेयरधनी महानुभावहरू,**

मिति २०८२/०८/२४ गते बुधबार बिहान ११:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा र सञ्चालक निर्वाचन निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरी गर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन कम्पनी ऐन, २०६३ को दफा ६७ को २ को प्रयोजनको लागि सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान**

**मिति :** २०८२/०९/२१ गते, सोमबार अर्थात जनवरी ५, २०२६ ।

**समय :** ११:०० बजे, बिहान ।

**स्थान :** महाराजा रिसोर्ट, बुटवल उप म.न.पा.११ कालिकानगर, रूपन्देही ।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण (वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको अनुसूची) पारित गर्ने सम्बन्धमा ।

३. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को (घ) बमोजिम लेखापरीक्षण समितिबाट प्राप्त सिफारिस बमोजिम सोही ऐनको दफा १११ बमोजिम नियुक्ति गरी निजको पारीश्रमिक तोक्ने सम्बन्धमा ।

४. सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

१. एक महिला सहित ७ जना सञ्चालक निर्वाचन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## राजधानीमा हिमालयपार चलचित्र प्रदर्शनी सुरू

नेपालमा हिमालयपार चलचित्र प्रदर्शनी सुरू भएको छ । आइतबारदेखि राजधानीमा सो प्रदर्शनी सुरू भएको हो । डिसेम्बर २१ सम्म सञ्चालन हुने प्रदर्शनी त्रिभूवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयमा हुनेछ । प्रदर्शनीमा नेपाली र चिनियाँ सिमावर्ती क्षेत्रका कथावस्तुमा निर्माण गरिएका चलचित्रहरू प्रदर्शन हुनेछन् । आइतबार बिहान त्रिभूवन विश्वविद्यालयमा भएको प्रदर्शनीमा सहभागी अभिनेता बुद्धि तामाङले मौलिक कथामा चलचित्र बनाउनुपर्नेमा जोड दिए । उनले सबैको आ–आफ्नै मौलिक कथा हुने उल्लेख गरे ।






### साफ महिला क्लब च्याम्पियनसिप फुटबल

# नेपालको एपिएफ क्लब विजयी



**काठमाडौं (प्रस)**– विभागीय टोली एपिएफ क्लबले साफ महिला क्लब च्याम्पियनसिप फुटबलको आफ्नो तेस्रो खेलमा जित हासिल गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आइतबार सम्पन्न खेलमा राष्ट्रिय टोलीका खेलाडीले भरिपूर्ण एपिएफले पाकिस्तानको कराँची सिटी एफसीलाई १-० गोलअन्तरले पराजित गरेको हो । एपिएफका लागि रस्मिकुमारी घिसिङले निर्णायक गोल गरिन् । उनले खेलको ५२औं मिनेटमा रेनुका नगरकोटिको पासमा गोल गरेकी हुन् । जितसँगै एपिएफले तीन खेलबाट सात अंक बटुलेको छ ।

एपिएफले पहिलो खेलमा बंगलादेशको नासरिन स्पोर्ट्स एकेडेमीलाई ४-० गोलअन्तरले हराएको थियो । त्यस्तै दोस्रो खेलमा एपिएफले भुटानी क्लब ट्रान्सपर्ट युनाइटेड एफसीसँग गोलरहित बराबरी खेलेको थियो । अब नेपालले भारतको इस्ट बंगालसँग आगामी पुस २ गते खेल्नेछ ।

# ‘पोखरा रंगशालामा फ्लड लाइट जडान हुन्छ’

**कास्की (प्रस)**– भौतिक पूर्वाधार यातायात तथा सहरी विकासमन्त्री कुलमान घिसिङले पोखरा रंगशालाको निरीक्षण गरेका छन् । उनले रंगशालाभित्रको अन्तरराष्ट्रिय फुटबल मैदानको समेत निरीक्षण गरे ।

मन्त्री घिसिङलाई जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरूङसहित विभिन्न खेलकुद संस्था एवं प्रदेश खेलकुद परिषद्का सदस्यहरूले रंगशालमा स्वागत गरेका थिए । उनले फुटबल मैदानमा फ्लड लाइट (रात्रिकालीन बत्ती) र स्कोरबोर्ड राख्न सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले तत्काल प्रक्रिया सुरु गरेर यसै वर्ष फ्लडलाइट जडान गर्ने जानकारी दिए ।

‘पोखरा स्पोर्टस् कम्प्लेक्स असाध्यै राम्रो रहेछ । म पहिलो पटक यहाँ आउँदा खुसी लाग्यो । फुटबल मैदानमा फ्लडलाइट जडान गर्नुपर्ने माग जायज छ । यसका लागि अर्थ मन्त्रालयसँग समन्वय गरेर यसै वर्ष काम अघि बढाउँछौं । साथै भौतिक मन्त्रालयबाट जति सक्दो छिटो बजेट व्यवस्था गरेर निर्माण सम्पन्न गर्न पहल हुनेछ’, मन्त्री घिसिङले भने ।

पोखरा फुटबल रंगशालामा फ्लडलाइट नहुँदा यहाँ अन्तरराष्ट्रियस्तरका फुटबल खेल हुन सकेका छैनन् । यसैगरी रात्रिकालीन खेलकुद भएको छैन । जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख डिबी नेपालीले मन्त्री घिसिङलाई पोखरा रंगशालाबारे जानकारी गराएका थिए । मन्त्री घिसिङले क्रिकेट मैदान, बहुउद्देश्शीय कभर्ड हल लगायतका खेल पूर्वाधारको अवलोकन गरेका थिए ।

# ‘नेपालमा चलचित्र पर्यटनको प्रशस्त सम्भावना छ’



■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाली चलचित्र क्षेत्रमा ठूल्दाइका उपनामले परिचित अभिनेता शिव श्रेष्ठले नेपालमा चलचित्र पर्यटनको प्रशस्त सम्भावना रहेको बताएका छन् । हालै यहाँ आयोजित एक अन्तरक्रिया कार्यक्रममा उनले नेपाल प्राकृतिक, धार्मिक र सम्पदाका दृष्टिले सम्भावना बोकेको मुलुक भएकाले सरोकार भएका निकायले चलचित्र पर्यटन प्रवर्द्धनका क्षेत्रमा योजना बनाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

अभिनेता श्रेष्ठले पाकिस्तानी चलचित्रमा काम गर्दाको समयलाई स्मरण गर्दै नेपाली चलचित्र उद्योगले चलचित्र पर्यटनका क्षेत्रमा पाकिस्तानीले अवलम्बन गरेका कदमहरूबाट सिक्नुपर्ने धारणा राखे ।

‘पाकिस्तानी चलचित्रमा अभिनय गर्न क्रममा बढी समय उतै बित्न थालेपछि नेपालको कानुनअनुसार यहाँ चलचित्र छायांकन गर्नुपर्नेमा जोड दिएँ, तर त्यस्तो केही नियम वा कानुन थिएन । पछि ११ वटा विदेशी चलचित्र नेपालमा छायांकन भए । यसले पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ । यस्ता विषयमा सम्बन्धित निकायले ध्यान दिनुपर्छ’, उनले भने ।

शिक्षाले जीवनका हरेक पक्षलाई सफल बनाउने बताउँदै अभिनेता श्रेष्ठले आफ्नो बाल्यकाल र अध्ययनका पाटालाई स्मरण गरे । ‘मैले शिक्षालाई महत्व नदिएर धेरै विद्यालय छाडें । अहिले लाग्छ पढाइलाई महत्व दिएको भए कलाकारितामा अझ प्रभावकारी काम र नतिजा दिन सक्ने थिएँ । हामीले शिक्षालाई बीचमा छोडेर भविष्य र पेसाको पछि लाग्नु’, उनले भने ।

उक्त कार्यक्रममा अभिनेता दीपकराज गिरीले आफ्नो कलाकारितालाई लेखनशैलीले मद्दत गरेको बताए । अभिनयसँगै पात्र निर्माण गर्न सक्नु र उक्त पात्रले बोल्ने संवादमा आफ्नो दक्षता प्रस्तुत गर्न सक्ने भएकाले पात्र प्राकृतिक लाग्ने प्रतिक्रिया पाउने गरेका उनको अनुभव छ ।

‘आज मैले पाउने प्रशंसामा लेखनको ठूलो महत्व छ । त्यो लेखन मेरो अध्ययन र शिक्षाको प्रतिफल हो । म उत्कृष्ट विद्यार्थी थिइन्, तर पढाइको महत्वलाई बुझेको छु । हरेक व्यक्तिको सफलतामा शिक्षाको ठूलो महत्व हुन्छ’, अभिनेता गिरीले भने । उनले सफलताका लागि लक्ष्य प्राप्तिमा अग्रसर हुँदै शिक्षालाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।


**बहराइनमा रोजगार** कम्पनी : POWER CARGO W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०८/२८ LT. No. 335084 चलानी नं. ६०२४८७८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 5 | 0 | 150 | ५७,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ७ गते (22nd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**मलेसियामा रोजगार** कम्पनी : YEONG CHAUR SHING PAPER MILL SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०८/२८ LT. No. 335085 चलानी नं. ६०२४८७७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 18 | 0 | 1700 | ५९,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ७ गते (22nd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD

Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698

Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

1610/079/80

**कतारमा रोजगार** कम्पनी : DHA SYKRT BYWTY AND SPA

पूर्व स्वीकृति मिति : २०८२/०८/२८ LT. No. 335079 चलानी नं. ६०२४८७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hanna Beautician | 0 | 1 | 1700 | ६७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician | 0 | 2 | 1700 | ६७,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ७ गते (22nd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |



